म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७६ आइतबार, १६ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 2 November 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भूपिनको 'मध्यको उज्यालो' सार्वजनिक

हेटौंडा, १५ कात्तिक/साहित्यकार भूपिन खड्काको निबन्धसंग्रह 'मध्यको उज्यालो' शनिबार सार्वजनिक भएको छ । बुक हिलले प्रकाशन गरेको पुस्तकमा २० निबन्ध छन् ।

गैंडाकोटमा शनिबार आयोजित कार्यक्रममा साहित्यकार गोविन्दराज विनोदीलगायतको उपस्थितिमा पुस्तक सार्ववजनिक गरिएको हो । कार्यक्रममा पुस्तकको समीक्षा गर्दै सामना पहाडले पुस्तकमा निबन्धकार र पाठकबीचको दूरी नै हराउने बताइन् । निबन्धमा पाठकका आफ्नै अनुभूत रहेको उनले बताइन् । संग्रहमा चिन्तन, सम्झना र पर्यावरण/यात्रा गरी तीन खण्डमा २० निबन्ध समेटिएका छन् ।

लेखनशैली र विचारमा भूपिन अघिल्लो पुस्तकमा भन्दा बलियो बन्दै गएको पुस्तक पढ्दा पुष्टि हुने अर्का समीक्षक एकनारायण पौडेलले बताए । भूपिन कविता, निबन्ध र उपन्यास लेखनमा सक्रिय छन् । यसअघि उनका तीन कविता संग्रह, एक निबन्ध संग्रह र एक उपन्यास सार्वजनिक भइसकेका छन् ।

### सात वटै प्रदेशका अर्थमन्त्रीको हेटौंडा घोषणापत्रः जेनजी पुस्ताको भावनालाई आत्मसात् गर्ने

# 'बालुवामा पानी हाले जस्तो' बजेट बनाउनु हुँदैनः मुख्यमन्त्री बानियाँ

मनिल महतो

हेटौंडा, १५ कात्तिक/ वित्तीय संघीयता सुदृढीकरणका लागि सातै प्रदेशका आर्थिक मामिला मन्त्रीहरुले साझा प्रतिबद्धता जनाएका छन् । बागमती प्रदेशको राजधानी हेटौंडामा शनिबार आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा भएको एक दिवसीय अन्तरक्रियात्मक गोष्ठीबाट 'हेटौंडा घोषणापत्र' जारी गर्दै उनीहरुले संविधानले प्रत्याभूति गरेको वित्तीय संघीयताको मर्मलाई व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।



घोषणापत्रमा वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, वित्तीय स्वायत्तता र आन्तरिक राजस्व सुदृढीकरण, कानूनी तथा नीतिगत सुधार, आयोजना तथा बजेट प्रणालीमा सुधार, अन्तर-प्रादेशिक समन्वय र स्थायी संयन्त्र निर्माण, जेनजी पुस्ताप्रतिको जवाफदेहिता र सुशासन प्रवर्द्धनलगायतका २५ बुँदा समावेश गरिएको छ । घोषणापत्रले जेनजी पुस्ताको माग र प्रदर्शनले राजनीतिक सुधार, पारदर्शिता र जवाफदेहितामार्फत् शासनप्रतिको जनआकांक्षा उजागर गरेको निष्कर्ष निकालेको छ । जेनजी पुस्ताको भावना आत्मसात् गर्दै प्रदेशका नीति, कार्यक्रम र बजेट प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

जेनजी आन्दोलनका क्रममा भएका क्षतिको पुनर्निर्माणका लागि संघीय सरकारसँग आवश्यक सहयोग माग गरिएको छ । घोषणापत्रमा संघीयताको राजस्व अधिकार अझै केन्द्रिकृत तर, कार्य जिम्मेवारी विकेन्द्रित रहेको उल्लेख गर्दै, कार्यभार र विकास आवश्यकताका आधारमा वित्तीय हस्तान्तरण गर्नुपर्ने सुझाव दिइएको छ । नेपाल सरकारको वार्षिक बजेट वृद्धिसँगै वित्तीय समानिकरण अनुदानमा पनि वृद्धि गर्नुपर्ने, सशर्त अनुदानका आयोजना विषयगत क्षेत्रमा एकमुष्ट पठाइनुपर्ने माग गरिएको छ । संघीय सरकारले राष्ट्रिय गौरव तथा रणनीतिक महत्वका आयोजना मात्र कार्यान्वयन गर्नुपर्ने, अन्य आयोजना प्रदेश र स्थानीय तहमार्फत् कार्यान्वयन गर्नुपर्ने पनि घोषणापत्रमा उल्लेख छ ।

प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य र पदाधिकारीको सेवासुविधासम्बन्धी निर्णय सम्बन्धमा संघीय अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तीप्रति सातै प्रदेशका अर्थमन्त्रीको ध्यानाकर्षण भएको जनाइएको छ । यस विषयमा प्रदेश सरकारले कानुन बनाएर सबै प्रदेशमा एकरुपता कायम गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता गरिएको छ । घोषणापत्रमा प्रदेश सरकारले आफ्ना यथार्थ आयका आधारमा बजेट तयार गर्ने, आयोजना बैंक प्रणाली कार्यान्वयन गरी प्राथमिकताका आधारमा आयोजना छनोट गर्ने र प्रदेशले निर्धारण गर्ने सवारीसाधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर, दर तथा शुल्कमा सबै प्रदेशबीच एकरुपता कायम गर्न पहल गर्ने उल्लेख गरिएको छ ।

**"बालुवामा पानी हालेको जस्तो" बजेट बनाउनु हुँदैनः मुख्यमन्त्री बानियाँ**

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले जनता र प्रदेश दुबैको आम्दानी बढाउने बजेट बनाउनुपर्ने बताएका छन् । बित्तीय संघीयता सुदृढीकरण तथा आगामी कार्यदिशा विषयक एकदिवसीय अन्तरक्रियात्मक गोष्ठीको उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले बालुवामा पानी हालेको जस्तो बजेट बनाउन नहुने बताए । प्रतिफल नआउने बजेट बनाएर प्रदेशको समृद्धि नहुने उनको भनाई छ ।

मुख्यमन्त्री बानियाँले लगानीबाट प्रतिफल आउनुपर्ने र पुनः त्यो प्रतिफललाई अन्यक्षेत्रमा लगानी गर्न सक्ने वातावरण बनाउनुपर्ने बताए । राजनीतिक अविष्ट पुरा गर्नको लागि मात्रै बजेट बनाउने परिपाटी अन्त्य गर्नुपर्ने उनको धारणा छ । मुख्यमन्त्री बानियाँले लक्ष्य पुरा गर्न सक्ने र जनतालाई रोजगारीको अवसर सिर्जना गर्ने बजेटलाई सातवटै प्रदेशले प्राथमिकतामा राख्नुपर्ने उल्लेख गरे । राजनीतिक अवस्था परिवर्तन भएपनि जनताको अवस्था परिवर्तनको लागि कठोर बन्नुपर्ने उनले बताए ।

मुख्यमन्त्री बानियाँले विकास गर्नको लागि नै प्रदेशको संरचना राखिएको बताएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र भावना अनुसार मुलुक चल्न सक्यो कि सकेन ? भनेर दलहरुले आत्मसमीक्षा गर्नुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले साझा र एकल अधिकारको विषयमा अलिझन नहुने जिकिर गरे । मुख्यमन्त्री बानियाँले संघीयताको सफल कार्यान्वयनका लागि वित्तीय पक्ष सुदृढ र पारदर्शी हुनुपर्नेमा जोड दिए । उनले प्रदेशको आर्थिक क्षमता अभिवृद्धि र आन्तरिक स्रोत परिचालनमा सबै तहका सरकारबीच समन्वय आवश्यक रहेको बताए ।

मुख्यमन्त्री बानियाँले सार्वजनिक खरिद प्रणालीमा अहिलेको भएको व्यवस्थाले बोलपत्र आव्हानदेखि बजेट खर्चसम्ममा समस्या रहेकोले सुधार आवश्यक भएको बताएका छन् । उनले बोलपत्र आव्हानमा रहेको प्रक्रियागत समस्या र झण्झटका कारण समयमा ठेक्का समयमा नलाग्ने र काम पनि समयमा सुरु नहुजे भएकोले समस्या रहेको उल्लेख गरे । सार्वजनिक खरिद ऐनमा संशोधन गरी ठेक्का प्रणालीमा सुधार गर्नु आवश्यक भएको मुख्यमन्त्री बानियाँको भनाई छ ।

सरकारले विनियोजन गर्ने बजेट अधिकतम खर्च गर्दा अर्थतन्त्र चलायमान हुने भन्दै उनले भने, 'संघीय सरकारसँग संवाद गरेर सार्वजनिक खरिद ऐनमा रहेका अहिले रहेको लामो प्रक्रियालाई छोटो बनाउनु पर्छ ।' प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्रालयका सचिव झलकराम अधिकारीले कार्यक्रमका आवश्यकताबारे चर्चा गर्दै प्रदेशले गरेका असल अभ्यासको आधार प्रदेश सरकारले साझा धारणा बनाउनुपर्ने बताए ।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयको तर्फबाट प्रदेशले गरेका असल अभ्यास र चुनौती प्रस्तुतीकरण गरिएको थियो । फेडरलिज्म एण्ड लोकलाइजेसन सेन्टरसँगको सहकार्यमा भएको कार्यक्रममा विभिन्न प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री, बागमती प्रदेश सरकारका मन्त्रीहरु, सचिवहरु लगायतको सहभागिता रहेको थियो । फेडरलिज्म एण्ड लोकलाइजेसन सेन्टरले प्रकाशन गरेको सातै प्रदेशको आन्तरिक राजस्व प्रवृत्ति विश्लेषण पुस्तिका सार्वजनिक गरिएको थियो ।

# संघीय अनुदान हस्तान्तरण नहुँदा बजेट कार्यान्वयन प्रभावित



साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ संघ सरकारले प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारले स्थानीय तहलाई वार्षिक बजेटमार्फत् छुट्याउने विभिन्न शीर्षकको अनुदान रकम आर्थिक वर्षको बीचमा कटौती हुँदा समग्र बजेट कार्यान्वयन नभएको देखिएको छ ।

गत असोज ३० गते राष्ट्रपतिसमक्ष पेस भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सातौँ वार्षिक प्रतिवेदनअनुसार आयोगको सिफारिस बमोजिम अनुदान नछुट्याइएको मात्र नभइ तल्लो तहमा पठाउने भनेर तोकिएको रकमसमेत आंशिकरुपमा हस्तान्तरण हुने गरेको देखिएको हो । यस्तो प्रवृत्तिले बजेट कार्यान्वयनमा समस्या देखिएको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ । 'आयोगले आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारबाट प्रदेश सरकारलाई ६० अर्ब र स्थानीय सरकारलाई ८८ अर्ब हस्तान्तरण गर्न सिफारिस गरेकोमा सोही बमोजिम विनियोजन भए तापनि प्रदेश सरकारलाई विनियोजनको ९१ दशमलव ७६ प्रतिशत र स्थानीय सरकारलाई ९१ दशमलव ७४ प्रतिशत हस्तान्तरण भएको देखिन्छ ।'

प्रतिवेदनमा भनिएको छ, 'सिफारिस र बजेट विनियोजन बमोजिमको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नहुँदा प्रदेश र स्थानीय सरकारको बजेट कार्यान्वयन प्रभावित भएको देखिन्छ ।' संघ सरकारबाट मात्र नभइ केही प्रदेशहरुलेसमेत स्थानीय तहलाई छुट्याएको वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगरेको प्रतिवेदनमा उल्लेख छ । गत आर्थिक वर्षमा लुम्बिनी प्रदेशले ९९ दशमलव ७५ र कर्णालीले ९८ दशमलव ९१ प्रतिशत मात्र हस्तान्तरण गरेको देखिन्छ ।

वित्तीय समानीकरण अनुदानतर्फ गतवर्ष यी दुई प्रदेशले समान ९५ करोड विनियोजन गरेका थिए । यी दुई प्रदेशले विनियोजन बमोजिम वित्तीय समानीकरण अनुदान हस्तान्तरण नगर्नुको वस्तुनिष्ठ आधार र कारण खुलाउन नसकेको आयोगको प्रतिवेदनमा जनाइएको छ । त्यस्तै, सशर्त अनुदानतर्फ भने संघ सरकार र प्रदेशले आयोगलाई तथ्यांक नै उपलब्ध नगराएको पनि प्रतिवेदनमा उल्लेख छ । 'आयोगले अघिल्ला आर्थिक वर्षका लागि नेपाल सरकार र प्रदेश सरकारलाई सशर्त अनुदान हस्तान्तरणका लागि सिफारिस गरेको आधार बमोजिम हस्तान्तरण भए नभएको सम्बन्धमा तथ्यांक उपलब्ध नभएकाले विश्लेषण गर्न सकिएन', वार्षिक प्रतिवेदनमा भनिएको छ ।

केही स्थानीय तहहरुले नगर विकास कोषबाट ऋण लिँदा कानुनको परिपालना नगरेको पनि आयोगले औँल्याएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा १६ वटा पालिकाले नगर विकास कोषबाट ३७ करोड १९ लाख ३६ हजार बराबर ऋण लिएका थिए । जसमध्ये केही स्थानीय सरकारले वार्षिक बजेटमा आन्तरिक ऋणको अनुमान नै नगरीकन ऋण उठाएको तथा केही पालिकाले आयोगले सिफारिस गरेको सीमाभन्दा बढी ऋण उठाएको देखिएको आयोगले वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# अनलाइन पोर्टल दर्तामा शुल्क तोकिएकोप्रति प्रेस सेन्टर नेपालको आपत्ति




साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ अनलाइन सञ्चारमाध्यम दर्तामा शुल्क तोकिएको प्रति प्रेस सेन्टर नेपालले आपत्ति जनाएको छ । शनिबार विज्ञप्ति जारी गर्दै प्रेस सेन्टरले सरकारको यो कदमको विरोध गरेको हो ।

'नेपाल सरकारले छापाखाना र प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ जारी गरी अनलाइन सञ्चार माध्यमको दर्ता तथा नवीकरण सम्बन्धी गरेको कतिपय प्रावधानप्रति प्रेस सेन्टर नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । निःशुल्क रुपमा हुँदै आएको अनलाइन सञ्चार माध्यम दर्ताका लागि राखिएको पाँच हजार र नवीकरणका लागि राखिएको दुई हजार पाँच सय रुपैयाँ शुल्कको प्रेस सेन्टर नेपाल विरोध गर्दछ । अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण यसअघि झैं निःशुल्क हुनुपर्दछ' विज्ञप्तिमा भनिएको छ ।

प्रदेश कानुनबमोजिम प्रदेशमै हुने दर्ता तथा नवीकरणलाई निरन्तरता दिँदै, संघीयताको मर्मअनुसार स्थानीय तहमै अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरण गर्ने व्यवस्था हुनुपर्नेमा पनि प्रेस सेन्टरले जोड दिएको छ । अनलाइन सञ्चार माध्यम सञ्चालनका लागि स्थापना गरिएका कम्पनी, संस्था, फर्मले सरकारकै विभिन्न निकायमा राजश्व तिर्दै नवीकरण गर्नुपर्ने, अनलाइन दर्ता तथा नवीकरणका लागि सूचना विभाग पुग्नुपर्ने, अनुगमनका लागि समेत सूचीकृत हुनुपर्ने लामो, झन्झटिलो तथा खर्चिलो प्रक्रियालाई सरल र सहज बनाइनुपर्ने प्रेस सेन्टरको माग रहेको छ ।

# दुई खेलाडी र एकजना प्रशिक्षक सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ हेटौंडामा खेलकुद क्षेत्रका २ खेलाडी र १ प्रशिक्षकलाई सम्मान गरिएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समिति र मकवानपुर फुटबल संघ (एन्फा) को संयुक्त आयोजनामा गरिएको कार्यक्रममा खेलकुद क्षेत्रका प्रतिभाशाली व्यक्तित्वलाई सम्मानपत्र, दोसल्ला र खादा ओढाएर सम्मान गरिएको हो ।

अजरबैजानको बाकु शहरमा सम्पन्न अन्तर्राष्ट्रिय बुडो मार्शल आर्ट च्याम्पियनसीप २०२५ मा उत्कृष्ट प्रदर्शन गरी स्वर्णपदक प्राप्त गर्न सफल खेलाडी सुदर्शन खतिवडालाई सम्मान गरिएको हो । मनहरी गाउँपालिका-३ घरभई स्पेनमा रहेर अन्तर्राष्ट्रिय कराते प्रशिक्षकको भूमिका निर्वाह गर्दै आएका अशोक लामा र स्पेनकै सिडी अन्तर्राष्ट्रिय क्लबमा आवद्ध रही फुटबल खेल्दै आएका अशोकका छोरा आमेथ लामारुम्बालाई सम्मान गरिएको छ । तीनै जनालाई दोसल्ला र सम्मानपत्र प्रदान गरी सम्मान गरिएको हो ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको सभाध्यक्षतामा भएको सम्मान कार्यक्रममा पूर्वसामाजिक विकास मन्त्री तथा नेकपा माओवादी केन्द्रको पेल्टिव्यूरो सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष तथा एन्फा केन्द्रीय समिति सदस्य टीकाराम लामाको पनि उपस्थिति रहेको थियो ।

साझाकुरा

## हाम्रो कुरा

# सामाजिक संजाल र आधिकारिक समाचार

अधिकांश सामाजिक संजालका प्रयोगकर्तालाई लाग्छ कि कुनैपनि ब्यक्तिको नितान्त निजी धारणा पनि समाचार नै हो । सामाजिक संजालमा आफूलाई मन लागेको विषयमा लेख्ने स्वन्त्रता छ जुन समाचार होइन । त्यो केवल ब्यक्तिगत धारणा मात्र हो । संचारमाध्यमले दिने समाचार आधिकारिक हुन्छ । तर, सामाजिक संजालमा आउने ब्यक्तिगत धारणा वा ब्यक्तिगत पोष्ट समाचार हुन सक्दैन । पछिल्लो समय सामाजिक सञ्जालमा फैलिरहेका भ्रामक सूचनालाई चिर्दै जिम्मेवारीपूर्वक सत्यतथ्यमा आधारित समाचारलेखन कसरी गर्ने भन्ने विषयमा हेटौंडामा अन्तरक्रिया भएको छ । जनपत्र मिडियाले नेपाल पत्रकार महासंघ मकवानपुरको सभाहलमा शुक्रबार गरेको कार्यक्रममा पत्रकारितामा बढ्दो चुनौती, तथ्य पुष्टि र विश्वसनीयताका विषयमा विस्तृत छलफल गरियो । नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै पछिल्ला वर्षमा सामाजिक सञ्जालको प्रभावले मिडियाको विश्वसनीयता घट्दै गएको बताए । अभिव्यक्तिको स्वतन्त्रता प्रयोग गर्दा सही सूचना र तथ्य परीक्षणको जिम्मेवारी पत्रकारकै हुने भन्दै पत्रकारितामा नैतिकता र उत्तरदायित्व आवश्यक रहेको उनले उल्लेख गरे ।

तुरुन्त र छोटोरुपमा सूचना चाहने भएकाले मिडियाले समाचारको गहिराइभन्दा गति र ट्रेण्डमा ध्यान दिनुपर्ने दबाब बढेको छ । अनलाइन माध्यममा नि:शुल्क सामग्री र विज्ञापनमा गिरावटले परम्परागत सञ्चारमाध्यमका आर्थिक स्रोत घटेका छन् । बहुआयामिक सूचना स्रोत प्रयोग गर्ने भएकाले मिडियाले तथ्य जाँचमा अझ कडा मापदण्ड कायम गर्नुपर्ने हुन्छ । सामाजिक सञ्जालका समाचार वितरणमै प्रभुत्व जमाएका छन्, जसले परम्परागत माध्यमको पहुँच घटाएको छ । अनलाइन प्लेटफर्ममा अभिव्यक्ति स्वतन्त्रताको नाममा अनियन्त्रित सामग्री आउँदा कानुनी र नैतिक दुवै चुनौती बढेको छ । अहिलेको अवस्थामा पत्रकार झनै जिम्मेवार भएर नागरिकलाई आधिकारिक सूचना प्रदान गर्नुपर्ने हुन्छ । अहिलेको अवस्थामा पत्रकारका लागि सरकारपक्ष र नागरिक पक्षबाट पनि निकै चुनौती खेप्नुपरेको छ । पत्रकारले लेख्ने विषयमा भने चुनौतीको सामना गर्दै अगाडि बढ्नुपर्ने हुन्छ । सामाजिक सञ्जालमा अहिले अराजक तत्वले गर्दा थप समस्या भएको र उनीहरुले राखेका फेक समाचारका कारण पनि समस्या बढेको छ । सामाजिक सञ्जालमा आएका नकारात्मक विषयलाई चिर्न जरुरी छ । सामाजिक सञ्जालमा आएका नकारात्मक विषयलाई आमनागरिकले विश्वास गर्ने गरेका छन् । त्यसलाई बुझ्न जरुरी छ । अहिले पनि फेक समाचारका पछाडि लाग्ने समाजका कारण थप समस्या छ । फेक समाचार छिट्टै सबैको हातमा पुग्ने अवस्था छ । सामाजिक संजालका कारण १ मिनेटमै धेरैले हेर्न सक्छन् । सामान्यतया समाचारको हेडलाइन् मात्र हेरेर धारणा बनाउने सामाजिक संजालका उपयोगकर्ताको जमात बाक्लो छ । यो नै प्रमुख समस्या हो ।

सामाजिक संजालमा जो सुकै ब्यक्तिले जे सुकै कुरा निर्बाधिरुपमा राख्न वा पोष्ट गर्न पाउँछन् । यही पोष्टलाई पत्रकारले लेखेको समाचार भनेर पत्याउने उपभोक्तालाई पत्रकारिता पढाएर सम्भव छैन । कुनैपनि संचारमाध्यमले लेखेको समाचार चिन्नसक्नु नै यसको निदान हुन सक्छ । छापा, रेडियो, टीभी, अनलाईन पोर्टल, पोडकाष्टहरुले सार्वजनिक गर्ने समाचार एकतहमा तथ्यसँग नजिक भएर मात्र संचारमाध्यममा आएका हुन्छन् । संचारकर्मीले समाचार लेख्दा श्रोतको नजिक पुगेका हुन्छन् र एक तहको सेल्फ सेन्सरसीप पार गरेको हुन्छ । समाचारको न्यूनतम मापदण्ड पुरा नभई संचारमाध्यममा प्रकाशन वा प्रसारण हुनेवाला छैन । त्यसैले संचारमाध्यमलाई बिश्वासिलो बनाउने कार्यमा समाजका सबै तहका नागरिकले चासो राख्नु जरुरी छ । फेक समाचार वा ब्यक्तिको नितान्त ब्यक्तिगत धारणाको पछाडि दौडनु भन्दा आधिकारिक माध्यममा समाचार नआउन्जेल पर्खनु राम्रो हुन्छ । सबैभन्दा चाँडो समाचार ब्रेक गर्ने होडले कुनैसमय समाचार माध्यम पनि चिप्लिएका हुन्छन् । तर, यस्ता घटना धेरै दोहोरिएका छैनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १७ गते सोमबार ३ नोभेम्बर २०२५ । त्रयोदशी, कात्तिक शुक्लपक्ष। कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१७ सूर्यास्त ५:१७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शुभ समाचार मिल्नेछ | तुला | : सभा-समारोहमा अवसर मिल्नेछ |
| वृष | : व्यापार लाभप्रद रहनेछ | वृश्चिक | : आत्मविश्वासमा कमी आउनेछ |
| मिथुन | : सन्तानको चिन्ता बढ्नेछ | धनु | : व्यापारमा हानि हुन सक्नेछ |
| कर्कट | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मकर | : समाजमा सराहना हुनेछ |
| सिंह | : रोकिएका काम सम्पादन हुनेछन् | कुम्भ | : मन प्रसन्न रहनेछ |
| कन्या | : पठन-पाठनमा प्रगति हुनेछ | मीन | : विरोधी परास्त हुनेछन् |

# जेनजीले परिकल्पना गरेको देश



✍ अमित खनाल

हामी एउटा यस्तो पुस्ता हौं, जसलाई हरेक पटक 'धैर्य गर' भनेर चुप लगाइयो । 'तिमीहरू अझै बच्चा हौ' भनेर कम आँकियो । र, 'राजनीति तिमीहरूको दिमागभन्दा माथि छ' भनेर पूर्ण रूपमा अस्वीकार गरियो । तर वास्तविकता के हो भने, यो देशको भविष्य अब हाम्रो काँधमा छ । पुराना पुस्ताको उपदेश, भाषण र आश्वासनले यो देश बदलिँदैनह हाम्रो बौद्धिकता, प्रविधिको शक्ति र आर्थिक क्रान्तिले मात्र यो देश नयाँ उचाइमा पुग्छ । हामीलाई बन्दुकको क्रान्ति चाहिँदैन, किनकि हिंसा भनेको अस्थायी उत्तेजना हो, जसले दीर्घकालीन समस्याहरू जन्माउँछ । हामीलाई चाहिएको छ- शिक्षामा क्रान्ति जसले हरेक गाउँको बच्चालाई विश्वस्तरीय शिक्षा दिन्छ । विचारमा क्रान्ति जसले पुराना रुढीवादी सोचलाई चुनौती दिन्छ ।

रोजगारी र उत्पादनमा क्रान्ति जसले नेपाललाई आयातकर्ता होइन, निर्यातकर्ता बनाउँछ । हामी शान्त छौं, तर मौन छैनौंह हामी विद्रोही छौं, तर हिंस्रक छैनौं । हाम्रो क्रान्तिको हतियार ज्ञान, इन्टरनेट र आर्थिक शक्ति हो । यी हतियार हरूले समाजलाई भत्काउँदैनन्, बनाउँछन् । हामीले समावेशिताको नारा धेरै सुन्यौं, तर यो नारा बारम्बार हाम्रै दिदीबहिनीमाथि हुने घरेलु हिंसा, हाम्रै साथीहरूको जातीय विभेद, हाम्रै पहिचानमाथि हुने लैंगिक बहिष्कारसँग पराजित भएको देख्यौं । दलित साथीहरूलाई अझै चियापसलमा छुट्टै गिलास दिइन्छ, जसले उनीहरूको मानवता नै प्रश्न गर्छ । मधेशी युवालाई सीमा पारको नागरिक ठानिन्छ, जसले राष्ट्रिय एकताको आधारभूत सिद्धान्तलाई कमजोर बनाउँछ । जनजातिको पहिचानलाई 'अतिवादी माग' भनेर खिसी गरिन्छ, जसले सांस्कृतिक विविधतालाई दबाउँछ । एलजीबीटीक्यूआईएप्लस समुदायलाई नागरिकतामा मात्र होइन, दैनिक जीवनमा पनि बहिष्कार गरिन्छ, जसले संविधानको समानताको वाचालाई झुटो साबित गर्छ ।

यो विभेदहरू किन जारी छन्? किनकि समावेशिता सरकारको नीति होइन, राजनीतिक लाभको औजार बनेको छ । हामी भन्छौं: यो देश सबैकै हो, केही कुलीन वर्गको सम्पत्ति होइन । समावेशिता दया होइन, जन्मसिद्ध हक हो । हामीले पाएको अपमानले अब संघर्षको नारा बनाएको छ: 'बराबरी नदिए, बराबरी लिन्छौं ।' यो नारा मात्र होइन, कार्ययोजना हो कानूनी सुधार, सामाजिक जागरण र आर्थिक सशक्तीकरण मार्फत । हामीलाई लोकतन्त्रको ठेक्का पुराना नेताहरूलाई दिइएको थिएन, तर उनीहरूले यसलाई आफ्नै परिवारको जग्गा बनाए । परिवारवादले पार्टीहरू कुलीन क्लब बनेका छन् । गुटवादले एकता होइन, विभाजन जन्माएको छ । पैसावादले चुनावलाई र अपराध-राजनीतिले न्यायलाई कमजोर पारेको छ । पार्टीभित्र चुनाव नै छैन भने यो कुन लोकतन्त्र? नेताले आलोचना सुन्न नसक्ने हो भने यो कुन स्वतन्त्रता?

हामीले बालेन शाह, हर्क साम्पाङ, जेनजी आन्दोलन जस्ता उदाहरण मार्फत देखाइदियौं: नेता विना पनि नेतृत्व जन्मन्छ, जनताको शक्तिबाट । हामी मतदान गर्छौं, कर तिर्छौं, जनमत बनाउँछौं त्यसैले राज्यमा हाम्रो हिस्सेदारी छ । लोकतन्त्र भनेको नेतालाई असीमित अधिकार दिने व्यवस्था होइन, नेताबाट जवाफदेहिता र काम लिने व्यवस्था हो । तर वर्तमानमा, संसद् बैठकहरूमा अनुपस्थिति, नीति कार्यान्वयनमा ढिलासुस्ती र भ्रष्टाचारका काण्डहरूले यो व्यवस्थालाई खोक्रो बनाएका छन् । हामीले यो खोक्रोपनलाई भर्नुपर्छ युवा नेतृत्व, पारदर्शी पार्टी संरचना र डिजिटल जनमत संग्रह मार्फत । हामीलाई संघीयता के भनेको हो? काठमाडौंमा पास खुवाएर प्रदेशहरूलाई भोकै राख्ने व्यवस्था? सिंहदरबार फुटाएर प्रदेशमा अर्को सिंहदरबार जन्माउने संरचना, जहाँ स्थानीय स्तरमा पनि भ्रष्टाचार फस्टाउँछ? हामी यस्तो संघीयता चाहन्नौं, किनकि यो केन्द्रीकरणको नयाँ रूप मात्र हो ।

हामी गाउँमै रोजगारी सिर्जना गर्ने, प्रदेशमै नीतिनिर्माण गर्ने, आफ्नो भविष्य आफैं बनाउने अधिकारको संघीयता खोज्छौं । विकास राजधानीको रहर होइन, गाउँको अधिकार हो तर अहिले सडक, विद्यालय, अस्पतालहरू काठमाडौंकेन्द्रित छन्, जसले ग्रामीण क्षेत्रलाई पछाडि धकेल्छ । हामीले यो असन्तुलनलाई सुधार्नुपर्छ । स्थानीय करको पूर्ण उपयोग, प्रदेशस्तरीय बजेट स्वायत्तता र डिजिटल निगरानी प्रणाली मार्फत । संघीयता सफल हुनको लागि अधिकार मात्र होइन, क्षमता र जवाफदेहिता पनि चाहिन्छ । धर्मनिरपेक्षता हामीले संविधानमा जित्यौं, तर राज्य अझै धर्मको मोहनियामा फसेको छ । कोही कसैको विश्वास ठेगान लगाउनु उसको व्यक्तिगत स्वतन्त्रता हो, तर राज्यको काम न्याय दिनु हो, प्रार्थना होइन ।

हामी भन्छौं: नेपाल कुनै देवताले शासित देश होइन, जनताले बनाएको गणतन्त्र हो । तर सार्वजनिक छुटहरूमा धार्मिक प्रभाव, सरकारी कार्यक्रममा पूजा-पाठ र बजेट विनियोजनमा पक्षपातले राज्यलाई तटस्थ बनाउँदैन । राज्य तटस्थ नभए त्यो राज्य होइन, धार्मिक पसल हो । हामीले यो पक्षपातलाई चुनौती दिनुपर्छ: कानूनी सुधार, शिक्षा अभियान र नीतिगत विभाजन मार्फत । धर्मनिरपेक्षता भनेको धार्मिक स्वतन्त्रता हो, तर राज्यको धार्मिक हस्तक्षेप होइन । गणतन्त्र आएर १७ वर्ष भइसक्यो, तर परिवर्तन कता छ ? भ्रष्टाचार बढ्दो ठूला आयोजनाहरूमा कमिसन, असमानता गहिरिंदो धनी र गरीब बीचको खाडल चौडा, न्याय किनिने-बेचिने अदालतमा ढिलाइ र प्रभाव, नेताहरूको दण्डहीनता चरम काण्डहरूमा उन्मुक्ति ।

हामीले राजालाई हटायौं, तर नेताहरूले आफ्नै मनमा राजतन्त्र पालेका रहेछन्: कुर्सीको लोभ, परिवारको उत्तराधिकार । हाम्रो गणतन्त्र नाममा होइन, चरित्रमा देखिनुपर्छ । नेता कुर्सीको मालिक होइन, जनताको भरोसाको नोकर हो । तर अहिलेको अवस्थामा, संसदीय समितिहरू निष्क्रिय, नीति कार्यान्वयन शून्य र जनताको आवाज दबाइएको छ । हामीले यो दण्डहीनतालाई अन्त्य गर्नुपर्छ: स्वतन्त्र अख्तियारी संस्थाहरूको सशक्तीकरण, डिजिटल ट्र्याकिङ र युवा सहभागिता मार्फत । गणतन्त्रको सच्चा अर्थ जनताको शासन हो, नेताको होइन । अब प्रविधिको कुरा गरौं । हामीले अनलाइनबाट डिग्री हासिल गर्‍यौं, विदेशसँग व्यवसाय गर्‍यौं, कागजविहीन विश्वमा प्रतिस्पर्धा गर्‍यौं । तर हाम्रो राज्य ? पासपोर्ट बनाउन भञ्ज्याङ पार गरेर लाइन बस्नुपर्छ, नागरिकता लिन नातावाला खोजेर सिफारिस चाहिन्छ, कर तिर्न दलालको सहारा लिनुपर्छ । यस्तो डिजिटल नेपाल ? पूर्ण रूपमा हास्यास्पद र पिछडिएको ।

हामी क्रान्ति गर्छौं: डिजिटल प्लेटफर्ममा सबै सेवा अनलाइन, खुला डाटामा सरकारी खर्च सार्वजनिक, ई-शासनमा स्मार्टफोनबाट मतदान । सरकारी सेवा स्मार्टफोनमा नआउँदासम्म हामी चुप बस्दैनौं । हाम्रो जीवन अनलाइन छ भने शासन अफलाइन किन ? यो ढिलाइको कारण भ्रष्टाचार र अक्षमता हो, जसलाई हामीले प्रविधि मार्फत उखेल्नुपर्छ । डिजिटल क्रान्तिले पारदर्शिता ल्याउँछ, तर यसको लागि पूर्वाधार, शिक्षा र नीतिगत प्रतिबद्धता चाहिन्छ । अर्थतन्त्र हाम्रो अर्को युद्धभूमि हो, तर यो युद्धमा गोली होइन, स्टार्टअप प्रविधि, अनुसन्धान र उत्पादन चल्छ । हामी विदेश जाने पिंढी होइनह विदेशलाई प्रतिस्पर्धा गर्ने पिंढी हौं । हामीसँग प्रतिभा छ आईटी, कृषि, पर्यटनमा, तर अवसर छैन किनकि नीतिहरू पुराना, लगानी विदेशीकेन्द्रित र युवा उद्यमशीलतालाई प्रोत्साहन शून्य । त्यो अवसर हामी आफैं बनाउँछौं: कृषिमा ड्रोन र एआई, ऊर्जा क्षेत्रमा सौर्य र जलविद्युतको नयाँ बजार, डिजिटल सेवा विश्वभर निर्यात । हामीलाई दयाले बनाएको रोजगारी होइन, नवप्रवर्तनले सिर्जित सम्भावना चाहिन्छ ।

हामी भन्छौं: ब्रेन ड्रेन रोकिन्छ जब नेपाल अवसरको केन्द्र बन्छ स्टार्टअप इकोसिस्टम, कर छुट र अन्तर्राष्ट्रिय साझेदारी मार्फत । अर्थतन्त्रको यो असफलता पुरानो नीतिहरूको उपज हो, जसलाई हामीले वैज्ञानिक र डाटा-आधारित दृष्टिकोणले बदल्नुपर्छ । हाम्रो क्रान्ति हिंसा होइन, यसले नीति सुधार्छ, नारा होइनह सोच बदल्छ, भय होइन । पुराना पुस्ताले सदासर्वदा भन्छन्: 'समय लाग्छ ।' हाम्रो जवाफ छ: 'समय अब हामी बनाउँछौं योजनाबद्ध कार्य, निरन्तर दबाब र सामूहिक प्रयास मार्फत ।'

हाम्रो पुस्ताको आँखा खुलिसक्यो । हामीलाई धोका, भाषण, छल अब लाग्दैन । हामीले बुझिसक्यौं: यो देश कसैको दया र र हमतबाट बन्दैनह हाम्रो बुद्धि, मिहिनेत र साहसबाट बन्छ । हामीले जनमतको शक्ति देखाइसकेका छौं चुनावी परिणाम, सामाजिक आन्दोलन मार्फत । अब हामी शासनको शक्ति लिन तयार छौं: चुनाव जितेर युवा उम्मेदवारहरू, नीति लेखेर वैज्ञानिक र समावेशी, अर्थतन्त्र उभ्याएर निर्यात र नवप्रवर्तन । हामी भन्छौं: शिक्षामा समान पहुँच आयो भने हिंसा मर्छ किनकि अशिक्षा नै असन्तोषको जरा हो । प्रविधिमा समान पहुँच आयो भने भ्रष्टाचार मर्छ किनकि पारदर्शिताले दलाललाई मार्छ । अर्थतन्त्रमा न्याय आयो भने दासत्व मर्छ किनकि अवसरले स्वतन्त्रता जन्माउँछ ।

यो देश हाम्रो हातमा आएपछि, हामी नेपाललाई विकासको प्रयोगशाला बनाउँछौं जहाँ प्रत्येक नागरिक स्वप्नदर्शी र निर्माता दुवै हुन्छ, जहाँ असफलता पनि सिकाइ हो । अब हाम्रो क्रान्ति एकै वाक्यमा: हामी बन्दुकले होइन, बुद्धिले देश बदल्छौं । हामी हिंसाले होइन, हामी परिवर्तन माग्दैनौं, हामी परिवर्तन हौं र यो परिवर्तन अब रोकिँदैन, किनकि यो जनताको शक्ति हो, समयको माग हो ।

(साभार: अनलाइनखबर

# सिद्धान्तविहीन राजनीति र अन्धा शासकहरु

✍ श्यामप्रसाद मैनाली

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीका अभिव्यक्तिहरू क्रमश: प्रस्फुटित भइराखेका छन् । उहाँका अभिव्यक्तिबाट साँच्चै नै असहज परिस्थितिको सामना प्रधानमन्त्रीले गरिराखेको प्रतीत हुन्छ । जेन्जी आन्दोलनको परिणाम उहाँ प्रधानमन्त्री बन्नुभएको हो । तर जेन्जीको वास्तविक प्रतिनिधि को हो ? उहाँलाई थाहा छैन । यो उहाँकै भनाइ हो । हालसम्म ७ वटा समूहहरू जेन्जीका असली प्रतिनिधि भएको दाबी गर्दै प्रस्तुत भएका छन् । यो समूहबाट मन्त्रीका लागि सर्वसम्मत नाम दिन सक्ने अवस्था देखिँदैन । यदि कुनै समूहको तर्फबाट प्रतिनिधित्व गराइयो भने अरु पक्षहरुले द्वन्द्वात्मक अवस्था सिर्जना गर्दछन् । सरकार थप समस्यामा पर्दछ । ६ महिनाभित्र निर्वाचन सम्पन्न गरिसक्ने गरी निर्वाचनको तिथिमिति पनि तोकिसकिएको छ । आम निर्वाचन हुन्छ/हुँदैन, सन्देह गरिँदै छ । निर्वाचन पनि नहुने, संसद् पनि रहेन भने देशले राजनीतिक निकास कसरी पाउने होला ? चिन्ताको विषय बनेको छ ।

संविधानका दुईवटा धाराहरू विशेष गरेर अन्तरिम प्रधानमन्त्री नियुक्ति गर्ने सन्दर्भमा आकर्षित भएको दाबी गरिएको छ । धारा ६१ लाई टेकेर राष्ट्रपतिले प्रधानमन्त्री बनाएको भनिएको छ । धारा ६१ प्रधानमन्त्री बनाउने सन्दर्भमा प्रयोग हुने होइन । यस धारामा कहीं कतै पनि प्रधानमन्त्री नियुक्ति गर्नेसम्बन्धी प्रावधानहरू रहेका छैनन् । धारा १३२ ले स्पष्ट गरेको छ । न्यायाधीश भएको व्यक्ति प्रधानमन्त्री हुन सक्दैन । संविधानका धाराहरूको गलत प्रयोग गरेर प्रधानमन्त्री बनाइएको छ । यस अर्थमा देशको प्रधानमन्त्री संविधानसम्मत किमार्थ होइनन् । गैरसंवैधानिक प्रधानमन्त्रीले कार्यकारणी अधिकार प्राप्त गरेको अवस्था छ । जेन्जीका युवाहरूले राखेका मागहरू अत्यन्त सान्दर्भिक छन् । देशलाई निकास दिन ती मागहरू पूरा हुनुपर्छ, यसमा सन्देह नै छैन । तर माग पूरा गर्ने कसरी ? संविधान प्रतिकूल बनेको प्रधानमन्त्री छन् । उनै प्रधानमन्त्रीले संविधानसम्मत काम गर्नुपरेको छ । यस्तो द्वैधप्रकृतिको शासन यतिखेर देशले पाएको छ । संविधानलाई मानेर शासन नगर्दा देशमा अर्को अराजकता आमन्त्रण हुन सक्छ । किनकि वर्तमान संविधान खारेज भएको पनि छैन । यसका कुनै पनि धाराहरु निलम्बन भएका पनि छैनन् । यही संविधानका आधारमा सबै कामकाजहरु भइराखेका छन् ।

जुन दिन प्रधानमन्त्रीले संविधान प्रतिकूल काम गर्नुहुन्छ, उक्त काम कारबाहीको कानुनी मान्यता रहँदैन । अर्को अर्थमा भन्नुपर्दा जेनजीहरूका माग पूरा गर्न वर्तमान प्रधानमन्त्री असफल हुनेतर्फ अघि बढ्नुभएको छ । ३६ घण्टाभित्र आन्दोलनले ऐतिहासिक सफलता प्राप्त गरेको हो । यो सफलता प्राप्त गर्दाखेरिको अवस्थामा मन्त्रिपरिषद् गठन हुँदा आन्दोलनकारी शक्तिहरूको माग पूरा गर्न सक्ने मार्गप्रशस्त गराएर मात्र सरकार गठन हुनुपर्दथ्यो । देश अराजकताको भुमरीमा भष्म हुँदै गएको अवस्थामा यो वातावरण सृजना गर्न प्रधानमन्त्रीले सक्नुभएन । उहाँले संसद् विघटन गरेर मात्र भए पनि प्रधानमन्त्री बन्नेतर्फ अग्रसर हुनुभयो । यही विन्दुमा वर्तमान प्रधानमन्त्रीले गल्ती गर्नुभएको हो ।

मन्त्रिपरिषद् गठन प्रक्रियाका सम्बन्धमा पनि दुवै कोणबाट विश्लेषण गर्नुपर्ने परिस्थिति बनेको छ । आन्दोलनकारीहरुको सहभागिता नरहेको त स्पष्ट छ । अब यसै अवस्थामा आन्दोलनकारीहरूको मन्त्रिपरिषद्मा सहभागिता गराउने हो भने यो अर्को गल्ती हुनेछ । किनकि आन्दोलनकारीहरूले आफ्ना मागहरु राख्ने नै छन् । मन्त्रिपरिषद्मा संविधान मान्ने र संविधान नमान्ने दुई समूहको उपस्थिति हुनेछ । मन्त्रिपरिषद् आफैं अर्को द्वन्द्वमा फस्न पुग्छ । यथावत् अवस्थामा मन्त्रिपरिषद्मा जानु आन्दोलनकारीहरूका लागि र सहभागी गराउनु प्रधानमन्त्रीका लागि प्रत्युत्पादक सिद्ध हुनेछ । यसमा कुनै सन्देह देखिँदैन । बहुदलीय शासन प्रणालीमा जतिसुकै जनस्तरबाट अस्वीकार्य हुँदै गर्दा पनि जनताका मानिस भनेका राजनीतिक दलकै नेता तथा प्रतिनिधिहरू हुन् । उनीहरूलाई समझदारीमा नलिई वर्तमान अवस्थामा निर्वाचन हुन सहज छैन । उनीहरूको सक्रिय सहभागितामा मात्र निर्वाचनले सार्थकता पाउँछ । लामो समयदेखि शासन सत्तामा एकछत्र राज गरेका तीन ठूला दलहरूका नेताहरू तीनतिर फर्किएको अवस्था छ । नेकपा माओवादी केन्द्र निर्वाचनमा जान आतुर छ । उसलाई नेपाली कांग्रेस र नेकपा एमाले सरकारमा रहँदा आन्दोलनरत पक्षले घुँडा टेकाएका कारण उनीहरु जनताका नजरमा अस्वीकार्य छन् ।

त्यसको फाइदा आफ्नो दलले लिन सक्छ भन्ने गलत अनुमान भएकै कारण निर्वाचनमा जाने अभिव्यक्ति दिएको देखिन्छ । नेपाली कांग्रेस संसद् पुनर्स्थापनाको पक्षमा देखिँदै आएको छ । नेकपा एमाले निर्वाचनमा भाग नलिने उद्घोष गर्दै छ । प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक दलहरूले भाग नलिँदा निर्वाचन हुन सक्दैन भन्ने अभिव्यक्ति दिइराख्नुभएको छ । आन्दोलनकारी शक्तिहरुको देशव्यापी संगठन हालका दिनसम्म देखिएको छैन । यद्यपि उनीहरुलाई देशभरबाट युवाहरूको समर्थन मिल्ने सम्भावना प्रबल छ । आफ्ना अभिभावकहरुलाई पनि युवाहरुले पुराना दलहरूको विपक्षमा उभिन दबाब दिइराखेका छन् । यसअघिसम्मका निर्वाचनहरूमा आफ्ना युवा सन्ततिहरूलाई कुन पक्षमा मतदान गर्ने मार्गदर्शन अभिभावकहरूले गर्दथे । अहिले यो अवस्था ठीक विपरीत छ । यति लामो समयसम्म देशले भोग्नुपरेको पीडादायी अवस्थाको कारणले आफ्ना अभिभावकको भनाइलाई युवाहरुले स्वीकार नगर्ने परिस्थिति प्राय: सबैतिर देखिँदै छ ।

देशको ठूलो मतदाताको संख्या ५२ डिग्रीको तापक्रममा बेल्चा ठोक्नेदेखि युरोप, अमेरिका, अस्ट्रेलियालगायतका सम्पन्न देशहरूमा वृत्ति विकासको खोजीमा रहेका छन् । उनीहरू प्राय: सबैको समर्थन अहिलेको अवस्थामा पुराना शासकहरू र दललाई हुने अवस्था देखिँदैन । विदेशमा रहेका नागरिकहरुलाई मतदानको अधिकार प्रदान गर्ने नयाँ सरकारको निर्णय आफैँमा स्वागतयोग्य छ । यो निर्णयले नयाँ शक्तिहरूलाई थप ऊर्जा प्रदान गरेकोमा दुविधा राख्नुपर्ने परिस्थिति छैन । निर्वाचनमा उच्च मनोबलका साथ प्रस्तुत हुने दलले विजय प्राप्त गर्दछ । २०४८ सालको निर्वाचनमा नेपाली कांग्रेसले उच्च मनोबलका साथ प्रतिस्पर्धा गरेको थियो । किनकि गणेशमानजीकै नेतृत्वमा ४६ सालको आन्दोलन सफल भएको थियो । गणेशमानजीले प्रधानमन्त्री पद अस्वीकार गरेर ठूलो त्याग देखाउनुभएको थियो, सन्त नेता किसुनजीले अन्तरिम सरकारको नेतृत्व गरिरहँदा कुनै प्रकारको बदनामीको सामना गर्नुपरेको थिएन । मतदाताहरुले उक्त सरकारको खासै आलोचना गरेका थिएनन् । यसले गर्दा पनि नेपाली कांग्रेसको पक्षमा माहोल बनेको थियो । २०५१ सालमा मध्यावधि निर्वाचनमा जाँदा नेपाली कांग्रेस मानसिकरुपमा विभाजित भइसकेको थियो ।

प्रतिपक्षमा बसेको एमाले उच्च मनोबलका साथ प्रस्तुत भयो । निर्वाचनमा सबैभन्दा ठूलो दल बन्न सफल भयो । ५६ सालमा नेपाली कांग्रेसमा एकता देखियो, एमालेमा विभाजनको अवस्था बन्यो । नतिजा नेपाली कांग्रेसको पक्षमा आयो । संविधानसभाको प्रथम निर्वाचनमा १७ हजार नेपाली सपुतहरूको कत्लेयाम गर्दै शान्ति प्रक्रियामा आएको माओवादी दललाई सत्ताको साँचो सुम्पँदा देशमा शान्ति छाउँछ कि भन्ने आशाका कारण माओवादीका पक्षमा माहोल बन्यो । उच्च मनोबलका साथ निर्वाचनरुपी युद्धमा प्रतिस्पर्धा गरेकाले जनताले एकपटक यही दललाई अवसर दिए । विशेष गरी २०६३ सालदेखि हालसम्मको अवधिमा यी तीनवटा राजनीतिक दलहरूले चरम अवसरवादिता प्रदर्शन गर्दै गए । राजनीतिक आस्था र सिद्धान्तलाई तिलाञ्जलि दिए । शासन सत्तामा रहँदा भ्रष्टाचार व्याप्त गराए । निर्वाचन अत्यन्त खर्चिलो बनाए । गलत नेतृत्वको कारण देशमा विकृत र विसंगति ज्यादा बढ्दै गयो । राजनीतिक दलहरूमा रहेका दोस्रो र तेस्रो वरियताका नेताहरू शीर्षस्थ नेतृत्वको गलत शासकीय शैलीका बारेमा खुलेर उत्रिन सकेनन् । उनीहरुले पनि अवसरवादी शैली पटक-पटक प्रदर्शन गर्दै गए । बहुदलीय शासन प्रणालीमा विपक्षीविहीन सरकार व्यवहारमा प्रदर्शन भयो । ठूलो दल सरकारमा जाने र त्यसभन्दा दोस्रो दल प्रतिपक्षको भूमिकामा रहनुपर्नेमा सबैभन्दा ठूला दुई दलहरुले नै मिलिजुली सरकार बनाए ।

सरकार बनाउँदा संविधान संशोधनको एजेन्डा ल्याएर नेपाली जनतालाई झुक्याउने काम गरे । सरकार बनेको लगत्तै २०८४ पश्चात्संविधान संशोधन हुने अभिव्यक्ति तत्कालीन प्रधानमन्त्री ओलीजीले निश्चिन्त भएर दिनुभयो । यो जनताको सरासर अपहेलना हो । दुई ठूला दलहरू मिलेर बनेको करिब दुई तिहाइको सरकारले उपयुक्त एजेन्डासहित प्रस्तुत भएको भए धेरै सकारात्मक कदमहरु अघि बढाउन सक्थ्यो । प्रधानमन्त्रीको अभिव्यक्ति र व्यवहार विशुद्ध तानाशाही देखिँदै गयो । लोकतान्त्रिक व्यवस्थाको आवरणमा तानाशाही प्रवृत्तिको अन्त्य ढिलो-चाँडो अवश्यम्भावी छ ।

यसतर्फ पनि सरकारमा रहनेहरूको ध्यान गएन । नेताहरूका हिजोको दुरावस्था र आजको सम्भ्रान्त शैली जनताले नजिकबाट नियालिराखेका थिए । यिनीहरूका सन्ततिहरूको भड्किलो जीवनशैलीले पनि सरकारमा रहनेहरुलाई जनताका नजरमा आलोचित बनाइराखेको थियो । ठूला-ठूला विवादमा प्रत्यक्ष पटक-पटक मुछिँदै गएकाहरूलाई समेत नेपाली जनताले आफ्नो नेता मान्न तयार भए । २०७९ सालको निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूलाई जनताले गरेको समर्थन उदाहरणका लागि तीनवटा नगरपालिकाहरूमा प्रमुख स्वतन्त्रहरूलाई निर्वाचित गरिदिँदा पनि सकारात्मक चिन्तनसहित सच्चिने संकेत शासकहरूमा देखिएन । लोकतन्त्रका हिमायती रहेको दाबी गर्दै आएका दलहरूले राजनीतिक दलको चुनाव चिह्नमा मतदान गर्छौं भन्ने प्रतिबद्ध कार्यकर्ताहरुलाई निश्चिन्त भएर अनुशासनको दण्डा चलाए ।

सचेत नागरिकहरू, विद्वान्हरूले अब यस देशमा नेतृत्वविहीन आन्दोलन हुने सम्भावना र यसको आधारशिलाहरूका बारेमा पटक-पटक आफ्ना अभिव्यक्तिहरु दिए, आलेखहरू छपाए । उनीहरुले यी ठूला दलहरुमा शुद्धीकरण आओस्, लोकतन्त्रको सुदृढीकरण होस् भन्ने पवित्र उद्देश्य राखेका थिए । तर सत्ताको उन्मादमा रहेकाहरूले यी विद्वान्हरूको कलम क्रान्तिलाई थोरै पनि महत्व दिएनन् । देशको अवस्था बिग्रँदै जाँदा जनता आक्रोशित हुँदै गएका थिए । यसको पनि कुनै प्रवाह यिनीहरुलाई रहेन । संसद्को गणितीय संख्या, पद, प्रतिष्ठा, सेना, प्रहरी, हातहतियार, अधिकारबाट आफैँलाई सुसज्जित सोच्दा दुर्घटना हुन पुगेको हो । राम्रा नेताहरूको सुरक्षा जनताले नै गर्छन् र नराम्रा नेताहरूको सुरक्षा राज्य संयन्त्रले गर्न सक्दैन भन्ने कटु यथार्थलाई यिनीहरुले मनन गरेनन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# जनार्दन शर्माले माओवादी पार्टी पुनर्गठन गर्ने

काठमाडौं/माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी पार्टीसँगको एकताबाट पुन: नेतृत्वमै निरन्तर रहने बाटो रोजेपछि उपमहासचिव जनार्दन शर्मा प्रभाकरले विमति राखेका छन् । माधव नेपालसँगको एकतापछि उनले माओवादी पार्टीलाई नै पुनर्गठन गर्ने बताएका छन् ।

एकताबाट अध्यक्ष दाहालले माओवाद र माओवादी पार्टीको औपचारिक विसर्जन गर्ने भएकाले आफू पुनर्गठनको बाटोमा लाग्नुपर्ने अवस्था आएको उनले बताए । 'माधवजीसँग पार्टी एकता गरे भने म जान्नँ । म पार्टी पुनर्गठन गर्छु,' उनले संचारकर्मीसँग भने, 'मैले यो कुरा भनिदिएको छु । पार्टी सुदृढ गरौंला भनेको छु ।'

पार्टीको बैठक छोडेर हिंडेका शर्माले शनिबार साँझ संचार कर्मीसँगको संक्षिप्त कुराकानीमा दाहालले पार्टीलाई विसर्जन बाटोमा लगेको बताए । 'आफ्नो पार्टी फुटाउने र अर्को पार्टी ल्याएर एकता गर्छु भन्नु एकता होइन,' उनले भने, 'यो एकता जेनजी आन्दोलनको भावना विपरीतको एकता हो । माओवादीले यो एकतालाई बोक्न सक्दैनौं ।' माओवाद र माओ विचार छोडेर त्यसबाट हिँडे विघटन र विसर्जन हुने उनको भनाइ छ । 'महाधिवेशनमा प्रतिस्पर्धा छल्नका लागि प्रचण्डले एकताको कुरा गरिरहनु भएको हो,' शर्माले भने ।

शर्माले शनिबार पार्टी कार्यालय पेरिसडाँडामा बसेको बैठकमा लिखित धारणा पेश गर्दै एकतामा विमति राखेका थिए । पार्टीको महाधिवेशन छल्न र बैचारिक बहसलाई छल्न प्रचण्डले एकताको विषय अगाडि बढाएको भनेर उनले प्रचण्डकै अगाडि भनेका थिए । पहिले नेतृत्व हस्तान्तरण हुनुपर्ने र त्यसपछि समग्र कम्युनिस्ट आन्दोलन एकतामा जानुपर्ने उनको प्रस्ताव छ । तर, उनको यो भनाइबाट अध्यक्ष प्रचण्ड रुष्ट बनेका छन् । आफ्नो कुरा राखेर शर्मा बैठक नै छोडेर हिँडे । अध्यक्ष प्रचण्डले बैठकपछि शर्माको शैलीलाई 'अराजक' भनेका छन् । अन्य नेताहरूले पनि उनको शैली रुचाएनन् । 'उहाँले धेरै अघिदेखि फरक ढंगले जान खोजिराख्नु भएको थियो । आज एकता प्रक्रियामा समेत विमति राखेपछि अब उहाँ अझै फरक ढंगले अघि बढ्नुहुने देखियो,' एक शीर्ष नेताले भने ।

आजको बैठकमा लिखित धारणा राखेर जनार्दन शर्मा बाहिरिएका थिए । उनी बाहिरिँदै गर्दा लिलामणि पोखरेलले 'अब तपाईं नआउने हो ?' भनेर सोधेका थिए । जनार्दनले 'केन्द्रीय समिति बैठकमा आउँछु' भनेर जवाफ चाहिँ दिएका थिए । एकीकृत समाजवादीसहितका दलसँग पार्टी एकताको निर्णय अनुमोदनका लागि माओवादी केन्द्रको केन्द्रीय समिति बैठक यही कात्तिक १७ गते बोलाउने तयारी छ । बैठकपछि बाहिर आएर शर्माले 'अहिले बहुदलीय जनवाद मानिँदैन । पार्टीलाई कसैको सुरक्षा कवच बनाउनु हुँदैन' भनेका थिए ।



शनिबार एकीकृत समाजवादीसहितका पार्टीहरूसँगको एकताबारे छलफल गर्न माओवादी केन्द्रको सचिवालय बैठक बसेको थियो । पार्टी मुख्यालय पेरिसडाँडामा बसेको बैठकमा सुरुमा देव गुरुङ बोलेका थिए । उनले पार्टी एकताको विषयमा छलफल गर्ने एजेण्डा रहेको भनेर बैठक अगाडि बढाएका थिए । त्यसपछि पुष्पकमल दाहाल प्रचण्डले विभिन्न सात वटा कम्युनिस्ट पार्टीसँग एकता गर्ने गरी वैचारिक, राजनीतिक, सैद्धान्तिक र नीतिगत कुराहरू करिब-करिब फाइनल भएको ब्रिफिङ गरे । प्राविधिक र सांगठनिक कुरामा छलफल गरौं भनेर बैठक राखिएको उल्लेख गर्दै उनले धारणा राख्न नेताहरूलाई फ्लोर ओपन गरे ।

त्यसपछि जनार्दन शर्मा बोले । उनले पार्टीको नाम, चुनाव चिह्न लगायतका विषय पार्टीको आधार स्तम्भ भएको चर्चा गरे । शहीद, बेपत्ता, घाइते योद्धाहरूको सपना, त्याग र आकांक्षालई बेवास्ता गरेर जान नसकिने भन्दै एकीकृत समाजवादीसहितका दलसँगको एकता स्थगन गर्न माग गरे । नेता पम्फा भुसाल भन्छिन्, 'हामीले उहाँका कुरा ध्यानपूर्वक नै सुन्यौं । सुनिसके पछि अरुका कुरा पनि सुन्नुहोस् भन्यौं तर, उहाँ बस्नुभएन ।' प्रभाकर हिँडेपछि अन्य नेताहरू बोले । 'उहाँले केही समयदेखि आफ्ना कुरा फरक ढंगले राख्दै आउनु भएको थियो । आज पनि राख्नुभयो तर आज चाहिँ बस्नुभएन,' अर्का एक नेता भन्छन्, 'बैठक छाडेर हिँड्नुलाई राम्रो मान्ने कुरा त भएन । तर, केन्द्रीय समितिको बैठकसम्म सहमतिमा ल्याउन प्रयास गर्नुपर्छ भन्ने नै रह्यो ।'

अर्थात्, प्रभाकरलाई सम्झाउन प्रयास गर्नुपर्छ भन्ने एकाथरी रहे भने केहीले त्यस्तो संकेत समेत गरेका छैनन् । प्रभाकरलाई विश्वासमा लिनुपर्छ भन्ने र आफैं एकता प्रक्रियामा सहमत भएर अगाडि बढ्नुपर्छ भन्ने दुई खाले मनस्थितिमा बाँकी नेताहरू प्रस्तुत भए । प्रचण्ड स्वयंले भने प्रभाकरको शैलीलाई 'अराजक' भनेका छन् । बैठकपछि प्रचण्डलाई पत्रकारहरूले सोधे, 'पार्टीमा पहिरो जाने हो कि भन्ने देखियो नि ?' प्रचण्डले जवाफ दिए, 'केही जाँदैन । सबै एकजुट भएको छ हाम्रो पार्टी । केन्द्रीय समितिको बैठकसम्म जनार्दन पनि एक हुनपर्छ, हुन्छन् भन्ने हामीलाई विश्वास छ ।' बरू जनार्दले आफ्नो कुरा राखेको र अरुको कुरा नसुनेको बताए ।

'आज बैठक राम्रो सुरु भएको थियो । उहाँले विषय राख्नुभयो । ल बस्नु सबैका कुरा सुन्ने भनेको उठेर हिँड्नुभयो,' प्रचण्डले भने, 'त्यो शैली उहाँको नराम्रो हो । त्यो कसैलाई मन पर्ने शैली होइन । बसेर छलफल पो गर्ने हो त !' पत्रकारहरूले उनलाई सोधे, 'प्रभाकरले महाधिवेशन टार्न एकता गर्न खोजिएको भनेका छन् नि ?' 'त्यो गलत आरोप हो, अराजक आरोप हो,' प्रचण्डले जवाफ दिए । माओवादी नेता अग्नि सापकोटा पनि प्रचण्ड जस्तै प्रभाकरको शैलीलाई अराजकताको संज्ञा दिन्छन् । 'जनार्दनजीले केही कुरा लेखेर दिनुभएको छ । उहाँको तौरितरिका लोकतान्त्रिक पनि छैन, राजनीतिक पनि छैन,' सापकोटाले भने, 'अध्यक्ष लगायत हामी सबैले तपाईं बस्नुस्, छलफल गर्नुस् । अनि निष्कर्षमा पुगौंला भनिसकेपछि (उठेर हिँडे) ।'

तथापि, पार्टी नफुट्ने सापकोटाको ठोकुवा छ । 'उहाँको शैली जनवादी पनि छैन, लोकतान्त्रिक पनि छैन । एक प्रकारले अराजक छ । त्यो सर्वथा बेठिक छ । र पनि पार्टी चाहिँ फुट्दैन,' सापकोटा भन्छन्, 'ढुक्क हुनुस् माओवादी फुट्दैन ।' नेता नारायणकाजी श्रेष्ठ जनार्दन शर्मासँग थप छलफल गर्नुपर्ने पक्षमा छन् । बैठकपछि पत्रकारहरूले श्रेष्ठलाई सोधे, 'जनार्दन जुरुक्क उठेर हिँड्नुभयो नि, माओवाद छाड्न आँटे, महाधिवेशन टार्ने षडयन्त्र गरे भनेर ।' 'हिँड्दाखेरि उठेरै हिँड्नुपर्छ, बसिरहेर हिँडिदैन, श्रेष्ठले ठट्यौली पाराले भने, 'तर, उहाँ (जनार्दन शर्मा)सँग फेरि छलफल गर्नुपर्छ । उहाँ हाम्रो पार्टीका लागि आवश्यक व्यक्ति हुनुहुन्छ ।'

### प्रभाकरका पाँच दलिल

एकीकृत समाजवादी सहितका दलसँग एकता तत्काल गर्न नहुने तर्क गर्नका लागि प्रभावकारले लिएका आधार के हुन् ? उनले लिखित रुपमै आफ्ना दलिलहरू प्रस्तुत गरेका छन् । एकतामा जाँदा माओवाद छाड्न नहुने, जेनजीको भावनाबमोजिम प्रचण्डले नेतृत्व हस्तान्तरण गर्नुपर्ने तर्क गरेका छन् । अहिलेको एकताको प्रयास महाधिवेशन छल्ने नियत भएको भन्दै उनले प्रचण्डमाथि उठेका प्रश्नहरूको जवाफ खोज्दै इतिहासको सही समीक्षा गरेर अगाडि बढ्नुपर्ने मत राखेका छन् । अन्यथा, माओवादी पार्टी समेत फुट्ने प्रभाकरको प्रष्ट सन्देश छ ।

### माओवाद शहीदको सपना

प्रभाकरका अनुसार माओवाद नै छाडेर एकतामा जान हुँदैन ।'हाम्रो पार्टीको आधार स्तम्भको रूपमा रहेका शहीद, बेपत्ता, घाइते योद्धाहरूको सपना, त्याग र आकाङ्क्षालाई बेवास्ता गर्ने यो प्रक्रिया वास्तविक समाधान होइन, कम्युनिस्ट आन्दोलनको विघठनको बाटो रोजेको छ,' सचिवालय बैठकमा प्रभाकरको मत छ । बहुदलीय जनवादका आधारभूत मान्यतासँग आत्मसपर्मण गर्ने प्रवृत्ति स्वीकार गर्न नसकिने उनको सन्देश छ ।

'माओवादी विचार र पहिचानलाई परित्याग गर्दै बहुदलीय जनवादका आधारभूत मान्यतासँग आत्मसमर्पण गर्ने प्रवृत्तिले हाम्रो पाटीको आधारभूत चरित्रलाई पूर्णरुपमा समाप्त गर्नेछ,' उनको लिखित मतमा उल्लेख छ । अन्यथा, एकीकृत समाजवादीसहितको एकताले विघटनको इतिहास दोहोऱ्याउने जनार्दनको चेतावनी छ । उनले भनेका छन्, 'आजको देशको राजनीतिक सङ्कट समाधान गर्नेभन्दा पनि, यस्तो एकताले विगतदेखि कम्युनिस्ट आन्दोलनले भोग्दै आएको विघटनको इतिहासलाई दोहोऱ्याउनेछ ।'

माओवादी विगतमा पटक-पटक फुटेको छ । यो सन्दर्भमा जनार्दनले फेरि त्यस्तो हुन नदिन एकीकृत समाजवादी सहितका दलसँगको एकता प्रक्रिया रोक्नुपर्ने माग राखेका छन् । उनले भनेका छन्, 'त्यसैले, यो एकता प्रक्रियालाई तत्काल स्थगन गरी पार्टीको समग्र पुनर्गठन, वैचारिक स्पष्टता र जनपक्षीय दिशामा अघि बढ्न सबै कमरेडहरूलाई गम्भीरतापूर्वक आह्वान गर्दछु ।'

### जेनजीको भावनाअनुसार पहिले नेतृत्वको हस्तान्तरण

नेता शर्माका अनुसार जेनजीहरूले राजनीतिक दलहरूमा नेतृत्वको हस्तान्तरण खोजेका हुन् । नेतृत्वको हस्तान्तरण बिना हुने एकताले सही दिशा लिन नसक्ने उनको आग्रह छ । जनार्दनले २०८१ साउन २५ गते बसेको स्थायी कमिटी बैठकमा 'पार्टी निर्माणका समस्या, समाधानका उपाय र आगामी कार्यभार' शीर्षकमा १४ पृष्ठ लामो प्रस्ताव पेस गरेका थिए । सो प्रस्तावमा अध्यक्ष प्रचण्डसहितका पदाधिकारी संरक्षकको भूमिकामा रहने र तेस्रो पुस्ताको युवालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने उल्लेख थियो । साथै पार्टीको नाम र चुनाव चिह्न पनि फेर्नुपर्ने प्रस्ताव उनले राखेका थिए ।

'पार्टी निर्माणका आधार' उपशीर्षकको पहिलो नम्बरमा शर्माले वामपन्थी एवम् प्रगतिशील शक्ति बीच अन्तर्क्रिया, एकता र ध्रुवीकरण गर्ने उल्लेख गरेका छन् भने पाँचौ नम्बरमा पार्टीको नाम र चुनाव चिह्न फेर्ने प्रस्ताव गरेका थिए । उनले शनिबारको सचिवालय बैठकमा पेश गरेको दस्तावेजमा पनि नेतृत्व हस्तान्तरणको प्रस्ताव दोहोर याएका छन् । 'हालको जेनजी विद्रोहले माग गरेको सुशासन, पार दर्शिता र नेतृत्वको हस्तान्तरणको भावना विपरीत गरिने एकताले पार्टीको साखलाई झन् गिराउनेछ र विसर्जनको दिशामा धकेल्नेछ,' उनले भनेका छन् ।

आफू नेतृत्वको हस्तान्तरण पछि समग्र कम्युनिष्ट आन्दोलनको पुनर्गठन र एकतामा जानुपर्छ भन्ने उनको मत छ । यो विषयमा आफू सहितका नेताहरूले कुरा उठाउँदै आएको पनि स्मरण गरेका छन् । आफूहरूको भावना सम्बोधन हुनुपर्ने भन्दै उनले चेतावनीको शैलीमा भनेका छन्, 'म लगायत अन्य सहयोद्धा कमरेडहरूले उठाएका विषयहरूलाई बेवास्ता गर्दै, एकताका नाममा गर्न खोजिएको यो आत्मसमर्पणले पार्टीलाई बलियो होइन, अझ कमजोर बनाउनेछ ।'

### महाधिवेशन छल्न एकता

आगामी मंसिरमा गर्ने भनिएको पार्टीको महाधिवेशन छल्न एकता गर्न खोजिएको प्रभाकरको आशंका छ । उनले भनेका छन्, 'विचारको बहस र प्रतिस्पर्धात्मक नेतृत्व निर्माणको प्रक्रिया अवरुद्ध पार्दै गरिएको यो एकता प्रस्ताव वैचारिक छलफलबाट भाग्ने प्रयास हो ।' महाधिवेशनमा गए वैचारिक स्पष्टता हुने उनको आग्रह छ । 'बिना वैचारिक स्पष्टता, विगतको समीक्षा र संगठनात्मक तयारी नगरी गरिने कुनै पनि एकताले वाम आन्दोलनलाई बलियो बनाउने होइन, बरु क्रान्तिकारी धार कमजोर पार्नेछ र दक्षिणपन्थी अवसरवादलाई बल पुऱ्याउनेछ ।' हतारमा एकता गर्न खोज्नुको पछाडि केही नेताहरूको व्यक्तिगत स्वार्थ भनेर शर्माले प्रचण्डप्रति कटाक्ष गरेका छन् ।

उनले भनेका छन्, 'यस्तो हतारको एकताले केही नेताहरूको व्यक्तिगत स्वार्थ पुरा गर्न सक्छ, तर आम कम्युनिस्ट आन्दोलनका लागि प्रतिकूल परिणाम ल्याउनेछ । त्यसैले उपयुक्त गृहकार्य वैचारिक स्पष्टता र एकता बिना गरिएको एकता दीर्घकालीन दृष्टिले हानिकारक हुनेछ ।'

### प्रचण्डमाथि प्रश्न

नेता शर्माका अनुसार संघीय गणतन्त्र पश्चात् माओवादी नेताहरूमा विचलन र क्षय हुनुको कारणमा नेताहरूको व्यवहार हो । नाम नलिएर उनले माओवादीका शीर्ष नेताहरू जनयुद्धको भावना, संविधानको मर्म र जनआकांक्षा अनुरूप अगाडि नबढेको आरोप लगाएका छन् । 'गणतन्त्रको स्थापना पछि, हाम्रो पार्टीले जनयुद्धको भावना, संविधानको मर्म र जनआकाङ्क्षा अनुरूप समाजवादको आधार तयार पार्ने सुशासन र पारदर्शिता स्थापितगर्ने अभियान अघि बढाउनुपर्ने थियो' उनी भन्छन्, 'तर त्यसको सट्टा, नेताहरू सुखसुविधा, पद, चाकडी र सत्ता मोहमा अल्झिए, जसले पार्टीको वैचारिक आधार र जन पक्षधर चरित्रलाई माथिबाटै कमजोर पार्यो ।'

*(स्रोत: अनलाइनखबर)*

# ओलीले उपत्यका छोड्न नमिल्दा काठमाडौं सारियो महाधिवेशन

काठमाडौं/असोज अन्तिम साता सम्पन्न केन्द्रीय कमिटी बैठकको निर्णय बमोजिम नेकपा एमालेले पार्टीको एघारौं महाधिवेशन पोखरामा गर्ने तयारी थालिसकेको थियो । जेनजी आन्दोलनपछि पहिलोपटक शनिबार मोटरसाइकल ऱ्याली गर्दै एमालेले पोखरामा भव्यताका साथ महाधिवेशन हुने सन्देश नै दिइँदै थियो । यद्यपि मोटर साइकल ऱ्यालीको सन्देश अरु पनि थिए । जेनजी आन्दोलनपछि पार्टी र अध्यक्ष केपी शर्मा ओली अप्ठ्यारोमा रहेकाले शक्ति प्रदर्शनमार्फत् प्रतिवाद गर्ने योजना एमालेले जनाएको छ ।

ऱ्यालीको नेतृत्व गर्न पुगेका थिए, ओलीका विश्वास पात्र महेश बस्नेत । र शक्ति प्रदर्शन मार्फत् प्रष्ट तीन सन्देश दिइएको थियो- एमाले चुप लागेर बस्दैन, पोखरामा महाधिवेशन हुन्छ र ओली नै अध्यक्ष बन्छन् । तर शनिबार ओलीको अस्थायी निवास गुन्डुमा बसेको एमाले सचिवालय बैठकले महाधिवेशनस्थल नै परिवर्तन गर्ने निर्णय गऱ्यो ।

'पार्टीको एघारौं महाधिवेशन हामीले दशौं केन्द्रीय कमिटीको बैठकबाट मंसिर २७ देखि २९ सम्म गर्ने निर्णय गरेका थियौं,' उपमहासचिव ज्ञवालीले भने, 'अब पोखराको सट्टामा काठमाडौंमा गर्ने भएको छ ।' जबकि २ दिन अगाडि मात्र उनै प्रदीप ज्ञवाली, अर्का उपमहासचिव पृथ्वीसुब्बा गुरुङ लगायत नेताहरूले महाधिवेशन र रणनीतिबारे छुट्टाछुट्टै गण्डकीका नेताहरूसँग छलफल गरेका थिए । पोखरामा महाधिवेशन हुने निर्णयले यहाँका नेताहरू उत्साहित थिए ।

'यही गर्ने भनेको काठमाडौंमै पो सऱ्यो नि !,' स्थायी कमिटी सदस्य खगराज अधिकारीले भने । अधिकारीले मोटरसाइकल ऱ्यालीपछि सम्बोधन गर्दै पहिलो पटक एमालेको महाधिवेशन पोखरामा हुन लागेको भन्दै संयमतापूर्वक सम्पन्न गर्न आह्वान गरेका थिए ।

पोखराबाट काठमाडौं महाधिवेशन सार्नुको तीन कारण र हेको एमाले प्रचार विभाग प्रमुख र ाजेन्द्र गौतम बताउँछन् । 'काठमाडौंमा महाधिवेशन गर्दा प्रतिनिधिहरूले आफैं बस्ने व्यवस्थापन गर्छन्, त्यसैले आर्थिक बोझ कम हुन्छ,' अनलाइखबरसँग गौतम भन्छन्, 'दोस्रो कारण जनपरि चालन सजिलो हुन्छ । ब्यापक मानिस जुटाउन सकिन्छ । पोखरामा गरेको भए कास्कीको मात्र मान्छे भेला हुन्थे ।'

तेस्रो कारण एमाले जागेको राष्ट्रिय सन्देश दिनलाई पनि काठमाडौंमा महाधिवेशन गर्नु परेको उनी बताउँछन् । बैठक स्रोतका अनुसार अध्यक्ष ओलीले पनि राष्ट्रिय सन्देश दिनकै निम्ति काठमाडौंमा महाधिवेशन गर्नुपर्ने प्रस्ताव गरेका थिए । 'पोखरामा भन्दा काठमाडौंबाट राम्रो सन्देश दिन सकिन्छ । अरु कारणले पनि यही सजिलो हुन्छ,' ओलीले महाधिवेशनस्थल परिवर्तनको प्रस्ताव राखेका थिए ।

तर, अघिल्लो सचिवालय बैठकमा यस्तै तर्क गर्दा ओलीले असहमति जनाएका थिए । 'सुरेन्द्र पाण्डेले अघिल्लो बैठकमै काठमाडौंमा महाधिवेशन गर्ने प्रस्ताव ल्याउनु भएको थियो,' स्रोत भन्छ, 'काठमाडौंमा महाधिवेशन गर्दा देशभरका कार्यकर्तामा उत्साह ल्याउन सकिन्छ भन्ने प्रस्ताव बैठकमा राख्नुभएको थियो ।'

त्यसबेला भने पाण्डेको प्रस्ताव ओलीले अस्वीकार गरे । तर अहिले उनै ओलीले पोखरामा तय भएको महाधिवेशनस्थल सार्ने निर्णय गराएका छन् । नेताहरूका अनुसार अहिले एमाले महाधिवेशनस्थल परिवर्तन हुनुको मुख्य कारण ओलीबारे सरकारले गरेको निर्णय हो । 'उपत्यका बाहिर जान केपी ओलीलाई रोक लगाइएको छ । सरकारको निर्णय अवज्ञा गरेर जाने मूड यसअघि बनाउनुभएको थियो,' एक नेता भन्छन्, 'तर अहिले त्यसो नगरौं भन्नेमा पुग्नुभए जस्तो लाग्यो ।'

ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई उपत्यका बाहिर जान नपाउनेगरी सरकारले गरेको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । न्यायाधीश नृपध्वज निरौलाको इजलासले हिजो मात्र अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

अर्थात् सरकारको निर्णय र अब अदालतको समेत विषय बनेपछि ओली सरकारको निर्णय मान्न तयार भएको देखिन्छ । जसकारण पोखरामा महाधिवेशन गर्ने तयारीमा नेताहरु जुटिसक्दा समेत स्थान परिवर्तनको निर्णय भएको छ ।

स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेश इन्चार्ज किरण गुरुङले प्रतिनिधिसभा पुनर्स्थापनाको मागमा जनप्रदर्शन समेत गर्ने निर्णय भएकाले महाधिवेशनस्थल समेत परिवर्तनको निर्णय भएको तर्क गर्छन् ।

'एमाले अब आन्दोलनमा जाने भएको, जनसभा त्यसैका सुरुवात हो । काठमाडौंकेन्द्रित आन्दोलन गर्ने निर्णय गरेको नेताहरुले बताउनुभएको छ,' गुरुङ भन्छन्, 'यस्तो बेला बाहिर महाधिवेशन गर्ने होइन, काठमाडौं केन्द्रित आन्दोलन र महाधिवेशनको तयारी सँगै गर्ने निर्णय भएको हो ।'

# 'भ्वाइस' सातौं सिजनको पहिलो एपिसोडलाई युट्युबमा लोभलाग्दो भ्यूज




काठमाडौं/शुक्रबारदेखि सुरु भएको सांगीतिक रियालिटी शो 'द भ्वाइस अफ नेपाल' लाई पहिलो एपिसोडमै दर्शकको साथ मिलेको छ ।

पहिलो एपिसोड युट्युबमा सार्वजनिक भएको १५ घण्टाभित्रै १० लाख पटक हेरिएको छ । 'भ्वाइस' का नेपाल आयोजकले सामाजिक सञ्जालमार्फत कीर्तिमानी भ्यूज संख्या प्राप्त भएको उल्लेख गरेका छन् ।

'भ्वाइस' ले फेसबुकमा लेखेको छ, ' पहिलो एपिसोडले १५ घण्टामा १ मिलियन भ्यूज पायो ! के तपाईं हेर्दै हुनुहुन्छ ? अहिलेसम्म तपाईंको मनपर्ने प्रशिक्षक को हो ? आफ्नो विचार लेख्नूस ।'


पछिल्लो समय रियालिटी शोले युट्युबमा न्यून संख्यामा भ्यूज पाउन थालेको गुनासोबीच 'भ्वाइस अफ नेपाल'को सातौं सिजनको पहिलो एपिसोडको भ्यूज आफैमा लोभलाग्दो अवश्य हो ।

चर्चित भनिएका शोले पछिल्लो समय युट्युबमा केही दिन बितिसक्दा पनि २-३ लाख भ्यूज पाएको देखिन्छ । फिनाले र अन्य महत्वपूर्ण एपिसोडलाई छाड्ने हो भने ओपनिङमै यत्तिको भ्यूज पाउनु अवश्य पनि सुखद हो । कमेन्ट हेर्दा, अधिकांशले कोचद्वय प्रमोद खरेल र राजु लामाको पुनरागमनलाई रुचाएको देखिन्छ । यी दुई कोच फर्किंदा भ्यूज संख्यामा पनि उछाल आएको दर्शकको टिप्पणी छ ।

सातौं सिजनमा प्रमोद र राजुसहित मेलिना राई र खेम सेन्चुरी कोचको रुपमा छन् । यी चारैजना कोचबीच यो सिजनमा तीव्र प्रतिस्पर्धा हुने देखिन्छ । जसको छनक पहिलो एपिसोडमै देखिएको छ । 'भ्वाइस अफ नेपाल'को सातौं सिजन रहेक शुक्रबार र शनिबार हिमालय टिभी एचडीमा प्रसारण हुन्छ ।

# कट्रिनाको 'बेबी बम्प' फोटो भाइरल, बलिउडमा चर्कियो गोपनीयताको बहस

मुम्बई/गर्भवती हुँदा फ्ल्याटको बाल्कोनीमा खिचिएका अभिनेत्री कट्रिना कैफका निजी तस्वीर सामाजिक सञ्जालमा भाइरल भएपछि बलिउडमा बहसको नयाँ विषय बनेको छ ।



यी तस्वीर उनको अनुमति बिना खिचिएका थिए र उनको 'बेबी बम्प' स्पष्ट रूपमा देखिन्छ । कट्रिना सधैं व्यक्तिगत जीवनलाई लिएर सतर्क देखिन्छिन् तर, निजी जीवनका फोटो सार्वजनिक भएपछि उनी दु:खित छिन् ।

प्रशंसक र बलिउडका अन्य कलाकार पनि यो फोटो भाइरल बनेपछि आक्रोशित देखिन्छन् । मिडिया आउटलेट र फोटोग्राफर प्रति आफ्नो उनीहरू क्रुद्ध देखिन्छन् ।

प्रशंसकले यसलाई 'गोपनीयता उल्लैन' र 'आपराधिक कार्य' भएको बताएका छन् । सेलिब्रेटी सामान्य मानिसजस्तै जीवन बिताउन चाहन्छन्, र उनीहरूको गोपनीयताको सम्मान गरिनुपर्छ भन्दै प्रशंसकले कार्वाहीको लागि प्रहरीलाई आग्रह गरेका छन् ।

अभिनेत्री सोनाक्षी सिन्हाले मिडिया पोर्टलमाथि आक्रोश पोखिन् । उनले आलोचना गर्दै भनिन्, 'तिमीहरूलाई के भएको छ ? आफ्नै घरमा महिलाको अनुमति बिना तस्वीर खिच्नु र सार्वजनिक गर्नु ? तिमी अपराधीभन्दा कम छैनौ, लज्जास्पद !''

सोनाक्षीको जवाफ इन्टर नेटमा हजारौं लाइक र समर्थनका साथ भाइरल भयो, जसले गोपनीयताको बहसलाई थप चर्काइदियो ।

यस्तो घटना भएको यो पहिलो पटक होइन । हालै, अभिनेत्री आलिया भट्टको घर बाहिर उनको निजी तस्वीर खिचिएको थियो र प्रसारित गरिएको थियो । त्यसपछि आलियाले मुम्बई प्रहरीलाई ट्याग गर्दै कारबाहीको लागि माग गरेकी थिइन् ।

# युनेस्कोले ललितपुर महानगरलाई 'संगीतको रचनात्मक सहर' को रुपमा घोषणा गऱ्यो

काठमाडौं/संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृति संगठनले ललितपुर महानगर लाई 'युनेस्को संगीतको रचनात्मक सहर' को रुपमा शनिबार घोषणा गरेको छ । विश्व सहर दिवस २०२५ को अवसरमा राष्ट्रसंघीय नियोगले उक्त घोषणा गरेको हो । 'यो प्रतिष्ठित सम्मानले हाम्रो सहरको जीवन्त सांगीतिक सम्पदा र दिगो सहरी विकासको आधारको रुपमा सिर्जनशिलतालाई अगाढि बढाउने अटुट प्रतिबद्धतालाई मान्यता दिएको छ' युनेस्कोले भनेको छ ।




विज्ञप्तिमा भनिएको छ, 'यो ललितपुरका प्रत्येक बासिन्दा र संगीतकारका लागि एक ऐतिहासिक उपलब्धि हो र सम्पूर्ण नेपालका लागि ठूलो गर्वको क्षण हो !' नेपालमा अब दुई 'युनेस्को रचनात्मक सहर' भएका छन् । फिल्मको लागि काठमाडौं महानगरपालिका र अब संगीतको लागि ललितपुर महानगर पालिका । सन् २००४ मा सुरु भएको युसीसीएनले दिगो सहरी विकास (आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय पक्षहरूमा) को लागि सृजनशीलतालाई मुख्य रणनीतिको रूपमा प्रयोग गर्ने शहरहरूलाई जोड्ने जनाइएको छ ।

'यस सञ्जालमा रहेका सहरहरू उत्कृष्ट अभ्यास आदानप्रदान गर्न, सांस्कृतिक उद्योगलाई प्रवर्द्धन गर्न र संयुक्त राष्ट्र संघको सन् २०३० को दिगो विकासलाई समर्थन गर्न प्रतिबद्ध छन् । यस सञ्जालले संगीतसहित आठ रचनात्मक क्षेत्रहरूलाई समेटेको छ' युनेस्कोले भनेको छ ।

ललितपुरसँगै युक्रेनको राजधानी किभ, बेल्जियमको सहर लिज, अमेरिकाको न्यू अर्लिन्स, मोन्टेनेग्रोको निकसिक, चीनको उक्सी लगायतको सहर युनेस्को संगीतको रचनात्मक सहरको रुपमा घोषित भएका छन् ।

युनेस्कोले केही वर्षअघि काठमाडौं महानगरलाई फिल्मको र चनात्मक सहरको रुपमा घोषणा गरि सकेको छ । यो घोषणा लगत्तै काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह फ्रान्समा आयोजित कान्स फिल्म फेस्टिभलमा गएका थिए ।

उपप्रमुख सुनिता डंगोलले फिल्मको रचनात्मक सिटीको रुपमा सरोकारवालालाई छलफलमा पनि बोलाएकी थिइन् । कार्यविधि पनि बनाउने भनिएको थियो । त्यसपछि महानगरले विकासक्रम बारे अपडेट गराएको छैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

हरिबोधनी एकादशी:

# थाहा, भीमफेदी र मकवानपुरगढीमा विशेष मेला

अञ्जली थापा

हेटौंडा, १५ कात्तिक/ कात्तिक शुल्क एकादशी अर्थात् हरि बोधिनी एकादशीको अवसरमा मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर १ मा रहेको त्रीखण्डी मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको छ ।

मकवानपुरका भिभिन्न स्थानका साथै छिमेकी जिल्ला बारा पर्सा र चितवनदेखि यहाँ मन्दिरमा पूजाआजा गर्न तथा पर्यटक आउने गरेका छन् । धार्मिक पर्यटकीयक्षेत्रको रुपमा महत्वपूर्ण मानिने यस मन्दिर पछिल्लो समय आन्तरिक पर्यटकको गन्तव्य बन्न थालेको छ । त्रिखण्डीमा आउने भक्तजन मन्दिरमा पूजाआजा गर्ने तथा नजिकै रहेको झरनामा रमाउने गरेका छन् । पानी परिरहेकाले यो पटक भक्तजनको भीड भने छैन । बिगतका वर्षहरुमा बेलुकासम्म पूजा गर्नेहरुको लामो लाइन हुने भएपनि पानी परेकाले त्रीखण्डी र बंशगोपाल मन्दिरमा पूजा गर्न आउनेहरु कमै मात्र रहेका छन् ।



कात्तिक महिनाभर सबै देवदेवी तुलसीमै निवास गर्छन् भन्ने धार्मिक विश्वास छ । आजको दिन बेलुको तुलसीको मोठमा पूजा गर्ने चलन छ । थाहा नगरपालिकास्थित ऋषेश्वर मन्दिर, मकवानपुरगढीमा विशेष मेला लागेको छ । शास्त्रीय मान्यताअनुसार आजका दिनमा क्षीर सागरमा सुत्नुभएका भगवान विष्णु ब्युँझनुहुने भएकाले आजको एकादशीलाई हरिबोधिनी वा प्रवोधिनी एकादशी पनि भन्ने गरिएको हो ।

**प्रतिकुल मौसमकाबीच थाहामा एकादशी जात्रा सकियो**

मकवानपुर थाहा नगर पालिका वडा नम्बर ४ स्थित ऋषेश्वरमा लाग्ने ठूलो एकादशी (हरिबोधनी एकादशी) जात्रा सकिएको छ ।

प्रतिकूल मौसमकाबीच कार्तिक १५ गते लागेको जात्रा सौहार्दपूर्णरुपमा सकिएको ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष बिनोदकुमार लामाले जानकारी दिए । ऋषेश्वरमा वर्षेनी ठूलो एकादशीमा ठूलो मेला लाग्ने गर्दछ । यद्यपि यसपालि मौसम परि वर्तसँगे पानी परेकोले भक्तजनको उपस्थिति तुलनात्मकरुपमा घटेको अध्यक्ष लामाले बताए । मेला व्यवस्थापनका लागि यसअघि बैठक बसी तयारी व्यवस्थित गरिएको थियो । 'हामीले मेलालाई व्यवस्थितरुपमा सञ्चालनका लागि तयारी गरेका थियों, झरीले मेलाजात्रा प्रभावित भयो' समितिका अध्यक्ष लामाले भने-'यसवर्षदेखि भेटी संकलन तथा व्यवस्थापनको जिम्मा क्षेत्र विकास समितिले लिएको थियो ।'

मेलालाई व्यवस्थितरुपमा सञ्चालनको तयारीका लागि थाहा नगरपालिका, वडा, समितिका पदाअधिकारी तथा अन्य सामाजिक संस्थाले पुऱ्याएको योगदानको अध्यक्ष लामाले प्रशंसा गरे । उनले जात्रा व्यवस्थापनमा प्रत्येक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिएका छन् । यसवर्ष ऋषेश्वरमा ठूलो एकादशीको दिन ११ हजार ६ सय ७३ रुपैयाँ भेटी संकलन भएको क्षेत्र विकास समितिले विवरण समार्वजनिक गरेको छ । ठूलो एकादशी जात्रालाई व्यवस्थापनको क्रममा पूजारीलाई १ हजार पाँच सय सहयोगी पूजारीलाई पाँचसय र सरसफाइ खर्च सातसय रुपैयाँ खर्च विवरण विकास समितिले खर्चको विवरण सार्वजनिक गरेको छ ।

समितिले सार्वजनिक गरेको आम्दानी खर्चको विवरण अनुसार संकलित भेटीमध्ये ८ हजार ९ सय ७३ रुपैयाँ संचित भएको छ । ठूलो एकादशी जात्रामा ऋषेश्वरमा पाण्डुकेश्वरको मुकुट लैजाने र ऋषेश्वरमा ठूलो मेला लाग्ने प्रचलन रहेको छ । मुकुट लैजाने पनि वनको बाटोको भिन्दै रुट रहेको छ । ठूलो एकादशी मेला सम्पन्न भएको केही दिनपश्चात् पाण्डुकेश्वरमा रुद्री लगाउने प्रचलन रहेको छ । यसवर्ष पनि ऋषेश्वरमा स्थानीय लगायत अन्य जिल्लाका भक्तजन पूजाआरधानाका लागि ऋषेश्वर पुगेका थिए ।

# जनताप्रति इमान्दार बन्ने सन्देश बोकेर मात्रै अधिवेशनमा जाऔं: काफ्ले



साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ नेपाली कांग्रेसका नेता तथा बागमती प्रदेशका सांसद कुन्दनराज काफ्लेले जनताप्रति इमान्दार बन्ने सन्देश बोकेर मात्रै अधिवेशनमा जान अपिल गरेका छन् ।

महाधिवेशनबारे पार्टीका छुट्टाछुट्टै समूहबीच सहमति जुटाउन केन्द्रीय समिति बैठक स्थगित गरिएपछि उनले आडम्बर, ढोङ र पाखण्डबाट माथि उठेर जनताप्रति इमान्दार बन्ने सन्देश बोकेरमात्र अधिवेशनमा जान अपिल गरेका हुन् । 'जनताका हकको कार्यान्वयनमा केन्द्रित बनौं, आडम्बर, ढोङ र पाखण्डबाट माथि उठेर जनताप्रति इमान्दार बन्ने 'म्यासेज' बोकेर मात्र अधिवेशनमा अहिल्यै जाउँ तर, सच्चिएर' उनले सामाजिक संजालमा लेखेका छन्, 'आमचुनावमा जाउँ एकताबद्ध भएर ।'

कांग्रेस थुप्रै प्रश्नबाट घेरिएको भन्दै उनले पार्टीका पदाधिकारीबीचको स्वार्थ, तानातान र नेतृत्वको होडबाजीसँग जनताले गरेका प्रश्न जोडिन नसकेका उल्लेख गरेका छन् । पार्टीको अधिवेशन सहज विषय भएको र महाधिवेशनलाई जटिल बनाउनु आवश्यक नरहेको काफ्लेको भनाइ छ । 'यसमा राजनीति गर्नुको मतलब हामी अझै पनि जनताको जीविका, सरोकार र लोककल्याणको मुद्दामा सिरियस छैनौं,' उनले लेखेका छन् ।

पार्टीको नेतृत्वमा रहेका सबै पदाधिकारी सत्ताको भागबण्डा देखि सरकार सञ्चालनको संयन्त्रमा बसेर राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्व राख्ने नीतिगत निर्णयमा सहभागी भएको काफ्लेले स्मरण गराएका छन् । 'आफ्नो स्वार्थ अनुरुपको भाग खाएका पनि थिए । यो त आरोप होइन नि ? 'जो चोर उसैको ठूलो स्वर' भनेर हामीलाई कसैले भनिदियो भने के होला हालत ?,' नेता काफ्लेले प्रश्न गरेका छन् ।

# जेनजी आन्दोलनपछि पासपोर्ट बनाउनै सास्ती





काठमाडौं/जेनजी आन्दोलन पछि सेवाग्राहीहरूले पासपोर्ट बनाउन पुन: सास्ती खेप्न थालेका छन् । जेनजी आन्दोलनपछि राहदानी विभागमा पासपोर्ट बनाउन जाने सेवाग्राहीहरू अनेक सास्ती खेप्न बाध्य भएका हुन् । विभागले २९ भदौमा सूचना जारी गर्दै दैनिक ५ सय थान आवेदन लिन मिल्ने 'स्लट' उपलब्ध गराइ राहदानी सेवा पुन: सुरु गरिएको जनाएको थियो । ती स्लट हरेक दिन साँझ ६ बजेदेखि विभागको वेबसाइटमा उपलब्ध हुने जनाएको थियो ।

विभागका सूचना अधिकारी केशवराज पन्थीका अनुसार जेनजी आन्दोलन क्रममा विभिन्न १४ जिल्लामा पासपोर्ट सिस्टम बन्द भएका थिए । 'जेनजी आन्दोलन पछाडि अहिले फारम संख्या कम खुलाएका छौं, कम खुलाएको हुनाले पब्लिकलाई समस्या भएको छ, जेनजी आन्दोलन क्रममा भएको आगजनीले झन्डै १४ जिल्लामा सबै सिस्टम ध्वस्त भए,' पन्थीले भने, 'त्यहाँ बनेको पासपोर्ट पनि धेरैजसो जल्यो अथवा नष्ट भयो, अनि त्यसपछिड त्यहाँ बनेका पासपोर्टहरूको एप्लिकेसन यहाँ हुन थाल्यो ।'

विभागका महानिर्देशक तीर्थराज अर्यालले विभागमा पासपोर्ट बनाउनेको चाप बढे पनि सोही अनुसार सेवा प्रवाहमा समस्या भइरहेको बताए । जिल्लामा पासपोर्टहरू जलेको, सिस्टम जलेका कारण पासपोर्ट वितरण हुन नसक्दा केन्द्रमा चाप बढेको उनको भनाइ छ । विदेशमा रहेका नेपालीलाई समेत पासपोर्ट बनाउन समस्या देखिएको छ । जसले गर्दा मिसनमा समेत समयमै पासपोर्ट पठाउन नसकिएको सूचना अधिकारी पन्थीले बताए । जिल्लाका समस्याले गर्दा हाल विभागमा दैनिक ५ सयदेखि ८ सय हाराहारी फारम खुलाउने गरिएको छ ।

'मिसनको पासपोर्ट लिने काम, सबमिसन हुने काममा समस्या छैन, तर हाम्रोबाट प्रिन्ट भएर जाने काम ढिलो भएको छ,' पन्थीले भने, 'क्षति भएका जिल्लामा सामान पठाउन सकेका छैनौं, जसले गर्दा पहिलाकै अवस्थामा फर्किन सकेको छैन ।'

**बिचौलियाको बिगबिगी, २ जना पक्राउ**

पासपोर्ट वितरण सुस्त हुन थालेसँगै बिचौलियाहरू पुन: सक्रिय हुन थालेका छन् । राहदानी विभाग वरपर बिचौलियाहरू सक्रिय देखिने गरेका छन् । संचारकर्मी बिहीबार विभाग परिसर पुग्दा बिचौलियाहरू सेवाग्राहीसँग पैसाको बार्गेनिङ गरि रहेका थिए । विभागको गेट अगाडि उभिएका दुई युवती हातमा क्लियर ब्याग बोकेर हिँडिरहेका थिए । अन्योलग्रत अवस्थामा हिँडिरहेका उनीहरूलाई कालो क्याप, मुखमा मास्क लगाएका एक व्यक्तिले नजिकै पुगेर अनलाइन फारम भरि दिनेदेखि पासपोर्ट बनाएर दिनेसम्मको कुरा गरे ।

त्यसका लागि २ हजार ५ सय रुपैयाँ लाग्ने बताए । जसमा ५ सय मात्रै आफ्नो र बाँकी २ हजार रुपैयाँ भित्र 'सरहरू' लाई दिनुपर्छ भने । 'तपाईंहरू केही गर्नुपर्दैन, मेरै दाइको पसलबाट अनलाइन आवेदन भरिदिन्छु, त्यसपछि भित्र पासपोर्ट बनाउनका लागि सबै सेटिङ मिलाएका हुन्छौं,' ती बिचौलियाले भने, 'पासपोर्ट समेत बनाएर तपाईंको हातमै दिन्छौं, त्यसका लागि हाम्रो चार्ज २५ सय लाग्छ ।' विभागमा आउने सेवाग्राहीलाई गलत प्रलोभनमा पारी रकम असुल गरेको सूचनाका आधारमा प्रहरीले दुई जना शंकास्पद व्यक्तिलाई पक्राउ गरेको छ ।

सेवाग्राहीसँग पासपोर्ट बनाइदिने भन्दै पैसा असुल्ने दुई जनालाई कालिमाटी प्रहरी वृत्तको टोलीले पक्राउ गरेको विभागले जनाएको छ । भ्रष्टाचारजन्य गतिविधिका सम्बन्धमा जो कोही विरुद्ध शून्य सहनशीलताको नीति अंगीकार गरेको जनाउँदै विभागले कुनै पनि बहानामा सेवाग्राहीबाट रकम असुली/ठगी गर्नेबाट सावधान रहन अनुरोध गरेको छ ।

**अनलाइन फारम भर्नै समस्या**

अनलाइन आवेदन भरेपछि मात्रै राहदानी बनाउने प्रक्रिया अघि बढ्छ । जेनजी आन्दोलन अघिसम्म देशभरि तथा विभागमा समेत सहजै पासपोर्ट बनाउन सकिन्थ्यो । तर, यतिबेला भने अनलाइन आवेदन भर्न नै मुस्किल पर्छ । दुई दिन बिहानदेखि बेलुकासम्म विभाग धाएर पासपोर्ट बनाएका काभ्रेका हरि थापाले अहिलेको समयमा पासपोर्ट बनाउन सक्नु भनेको भाग्यमानी हुने बताए । 'सुरुमा अनलाइन फारम नै भर्न सकिएन, बल्लबल्ल फारम भरेको थिएँ, हिजो र आज दुई दिन धाएपछि बल्ल बन्यो,' पासपोर्ट हातमा परेपछि खुसी हुँदै थापाले भने ।

दशैंअघि आवेदन फारम भरेका अर्का एक सेवाग्राहीले पासपोर्ट लिनका लागि आएको म्यासेजका आधारमा आफू आएको बताए । 'हिजो फोनमा म्यासेज आएको थियो,' उनले भने, 'भोलि विभागमा आएर आफ्नो पासपोर्ट संकलन गर्नुहोला भनेर म्यासेज आएको थियो, दिउँसो १ बजेतिर आएको थिएँ, एक घण्टा जतिमा पासपोर्ट हातमा पऱ्यो ।'

**मिसनमा समेत समस्या**

विदेशमा रहेका नेपालीको समेत पासपोर्ट बनाउन समस्या देखिएको छ । दूतावासहरूले सूचना जारी गर्दै त्यसबारे जानकारी दिन थालेका छन् । मलेसियास्थित नेपाली दूतावासले सूचना जारी गर्दै प्राविधिक कारण राहदानी छपाइ कार्यमा ढिलाइ भएकाले राहदानीहरू दूतावासमा आइपुग्न नसकेको जनाएको छ । दूतावासको सूचनाका आधारमा मात्रै राहदानीका लागि सम्पर्क गर्न अनुरोध गरेको हो । विभागका सूचना अधिकारी पन्थीले समेत विभागबाट राहदानी प्रिन्टमा ढिलाइ हुँदा सम्बन्धित देशमा पठाउन समेत ढिलाइ भइरहेको बताए ।

जिल्ला प्रशासन कार्यालयहरूले राहदानीका विषयमा सूचना जारी गर्दै तत्काल प्राप्त नभएको जनाएका छन् । जिल्ला प्रशासन कार्यालय काभ्रेले विभागबाट राहदानी प्राप्त नभएको बताउँदै प्राप्त भएपछि जानकारी गराइने जनाएको छ । १९ भदौसम्म राहदानीका लागि पर्न आएका आवेदनका अधिकांश राहदानी छापिएर आइसकेको जनाएको छ । त्यसपछि परेका आवेदनहरूको राहदानी हालसम्म विभागबाट कार्यालयमा आइनसकेको जनाएको हो ।

*(स्रोत: अनलाइनखबर)*

# चार महिनामा खानेतेलको भाउ ३५ रुपैयाँ बढ्यो, अन्य खाद्यवस्तु ?

काठमाडौं/बजारमा चार महिना अवधिमा केही खाद्यवस्तुको मूल्य बढ्दा केहीको भने घटेको छ । १ साउनदेखि १ कात्तिकसम्मको अवधिमा नेपाल खुद्रा व्यापार संघको तथ्यांक केलाउँदा बजारमा तेल, दाल, चिउरा, चना, केराउ लगायत खाद्यवस्तुको मूल्यवृद्धि देखिएको छ ।

थोक (होलसेल) खाद्यान्न व्यवसायी गत साउनको तुलनामा धेरै प्रकारका खाद्यान्नको बजार मूल्य सस्तो भएको दाबी गर्छन् । तर, होलसेल बजार सस्तो भए पनि खुद्रा बजार भने महँगो नै रहेको उपभोक्ता बताउँछन् ।

तथ्यांक केलाउँदा दैनिक प्रयोगका चामल, दाल, मैदा र आँटासहित खाद्यवस्तुको मूल्य होलसेलमा घटे वा स्थिर रहे पनि उपभोक्ता भने त्यस्तो मूल्य पाउनबाट वञ्चित छन् ।

**यस्ता छन् मूल्य बढेका खाद्यवस्तु**

चार महिना अवधिमा होलसेलमा सबैभन्दा धेरै खाने तेलको मूल्य बढेको छ । १ साउनमा प्रतिलिटर ३ सय २५ रुपैयाँ पर्ने काँचो तोरीको तेल अहिले लिटरको ३ सय ६० रुपैयाँ पुगेको छ । ४ महिनामा उक्त तेलको मूल्य लिटरमै ३५ रुपैयाँ बढेको छ ।

सोही अवधिमा भुटेको तोरी तेलको मूल्य लिटरमा २० रुपैयाँ बढेर ४ सय ३० रुपैयाँ पुगेको छ । यस्तै सनफ्लावर तेल प्रतिलिटर १० रुपैयाँ बढ्दा भटमास तेलमा ५ रुपैयाँ वृद्धि भएको संघको तथ्यांकले देखाउँछ ।

१ साउनमा प्रतिलिटर २ सय ४० रुपैयाँ रहेको सनफ्लावर तेल २ सय ५० र भटमास तेल २ सय २५ रुपैयाँ पुगेको छ ।

यस्तै १ साउनमा प्रतिकिलो १ सय ७० रुपैयाँ पर्ने ताइचिन चिउरा २० रुपैयाँ बढेर १ सय ९० पुगेको छ । समीक्षा अवधिमा चना दालको मूल्य पनि प्रतिकिलो १० रुपैयाँ बढेको छ । साउनमा किलोको १ सय ६० रुपैयाँ रहेको चना दाल १ सय ७० पुगेको संघले जनाएको छ ।

यस अवधिमा मुसुरो दाल प्रतिकिलो १० रुपैयाँले बढेर १ सय ७५ पुगेको छ । संघको मूल्यसूचीले सानो चना, सेतो केराउ र मस्याङको मूल्यमा पनि समान १०-१० रुपैयाँ वृद्धि भएको देखाउँछ ।

सानो चना १ सय ४० बाट १ सय ५०, सेतो केराउ १ सय ३० बाट १ सय ४० र मस्याङको मूल्य १ सय ६० बाट १ सय ७० रुपैयाँ प्रतिकिलो पुगेको छ ।

यस्तै मकैको पिठोमा पनि प्रतिकिलो ५ रुपैयाँ मूल्यवृद्धि भएको छ । १ साउनमा प्रतिकिलो ८० रुपैयाँ रहेको मकैको पिठो मूल्य बढेसँगै ८५ पुगेको छ ।

**यस्ता छन् मूल्य घटेका खाद्यवस्तु**

चार महिना अवधिमा केही खाद्यवस्तुको मूल्य घटेको संघको तथ्यांकले देखाउँछ । यस अवधिमा जिरा, ज्वानो, राजमा, मुङ गेडा लगायत खाद्यवस्तुको मूल्य भने घटेको देखिन्छ ।

१ साउनमा प्रतिकिलो ५ सय ५० रुपैयाँ रहेको जिराको मूल्य ३५ रुपैयाँले घटेर ५ सय १५ झरेको छ । यस अवधिमा ज्वानोको मूल्य पनि प्रतिकिलो १५ रुपैयाँ घटेको छ । साउनमा ५ सय ९० रुपैयाँ रहेको ज्वानोको मूल्य ५ सय ७५ मा झरेको संघले जनाएको छ ।

यस्तै चार महिना अवधिमा राजमाको मूल्य किलोको १० रुपैयाँ घट्दा मुङ गेडाको मूल्य १० रुपैयाँ घटेको छ । साउनमा राजमा प्रतिकिलो २ सय ७० रुपैयाँ थियो । अहिले भने राजमा किलोको २ सय ५० रुपैयाँ कायम छ । यस्तै २ सय रुपैयाँ पर्ने मुङ गेडा १ सय ९० मा झरेको छ ।

यस अवधिमा डाल्डा घिउको मूल्य पनि घटेको संघले जनाएको छ । साउनमा लिटरको २ सय ४० रहेको डाल्डा घिउको मूल्य १० रुपैयाँ घटेर २ सय ४० कायम छ ।

**यी हुन् मूल्य स्थिर भएका खाद्यान्न**

समीक्षा अवधिमा केही खाद्यवस्तुको मूल्य भने यथावत छ । चार महिनामा सबै चामलको मूल्य स्थिर छ । त्रिशूलीको पोखरेली चामल प्रतिकिलो १ सय २० रुपैयाँ कायम छ । यस्तै स्टिम जिरा मसिनो चामल किलोको ९५ रुपैयाँ र स्टिम सोना चामल ७० रुपैयाँ रहेको संघले जनाएको छ ।

लङग्रेन बास्मती चामलको मूल्य पनि यथावत रहेको संघको मूल्यसूचीले देखाउँछ । उक्त चामल प्रतिकिलो १ सय ७० रुपैयाँ कायम छ । यस्तै खुर्सानी पाउडर, जिरा पाउडर, धनियाँ पाउडर र बेसार पाउडरको मूल्य पनि घटबढ भएको छैन ।

खुर्सानी पाउडर प्रतिकिलो ६ सय, जीरा पाउडर ८ सय र धनियाँ पाउडरको मूल्य प्रतिकिलो ३ सय रुपैयाँ छ । यस्तै बेसार पाउडर ४ सय ५० रुपैयाँ रहेको छ ।

# शिवम्‌को चौथो 'नो कम्प्रोमाइज' सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ हेटौंडाको हटियामा कारखाना रहेको शिवम् सिमेन्टले ब्रान्ड क्याम्पेन क्वालिटीको मामलामा नो कम्प्रोमाइजअन्तर्गतको चौथो भिडिओ सार्वजनिक गरेको छ । भिडिओमा डाक्टरले आफ्नो पारिवारिक भ्रमणमा निस्कनै लाग्दा आकस्मिक आएको बिरामीलाई अपरेसन गरी आफ्नो जिम्मेवारीलाई पूरा गरेको देखाउँदै जिम्मेवारीको मामलामा नो कम्प्रोमाइज भन्ने सन्देश देखाइएको छ ।

यसअघि अभियानको पहिलो भिडिओमा एक कर्तव्यनिष्ठ ट्राफिक प्रहरीमार्फत 'कर्तव्यको मामलामा नो कम्प्रोमाइज' भन्ने सशक्त सामाजिक सन्देश प्रस्तुत गरिएको थियो । दोस्रो भिडिओमा घरबेटी र भाडावालबीचको सम्झौतामार्फत् 'सर्तकताको मामलामा नो कम्प्रोमाइज' भन्ने सन्देश दिइएको थियो भने तेस्रो भिडिओले समयको महत्व झल्काउँदै दुई साथीबीचको अनुभवमार्फत् 'समयको मामलामा नो कम्प्रोमाइज' भन्ने सन्देश पस्किएको थियो । यी सबै भिडिओ दर्शकले अत्यधिक रुचाएका थिए ।

शिवम् सिमेन्टको यो अभियान केवल विज्ञापनमात्र नभएर समाजप्रतिको उत्तरदायित्व र जनचेतना अभिवृद्धिमा केन्द्रित रहेको कम्पनीले जनाएको छ । शिवम् सिमेन्टले स्थापनाकालदेखि नै ओपिसी सिमेन्ट उत्पादन तथा बिक्री गर्दै आएको छ । कम्पनीले सधैं गुणस्तर, भरोसा र दीर्घकालीन सम्बन्धमा विश्वास गर्दै आफ्नो नो कम्प्रोमाइजको वाचा पूरा गर्दै निरन्तर गुणस्तरीय सिमेन्ट उत्पादन गर्दै आएको जनाएको छ ।

# चोरीका मोटरसाइकल सहित मकवानपुरका लामा पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ कात्तिक/ चोरी मोटरसाइक्लसहित मक्वानपुरका सरोज लामालाई प्रहरीले पक्राउ गरेको छ । ३२ वर्षीय लामालाई काठमाडौं महानगरपालिका-४ स्थित हिमाल डेन्टल हस्पिटल अगाडिबाट पक्राउ गरिएको हो ।

लामासँगै मोटरसाइकल चोरी गरेको आरोपमा प्रहरी अर्का एकजनालाई पनि पक्राउ गरेको छ । पक्राउ पर्नेमा दाङका १९ वर्षीय हरि मगर रहेका छन् । उनीहरु हाल काठमाडौंको कपनक्षेत्रमा बस्दै आएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, ट्राफिक प्रहरीले बा ६६ प ५६८३ नम्बरको चोरी भएको मोटरसाइक्ल प्रयोग गरिरहेको अवस्थामा फेला पारेपछि दुवैलाई नियन्त्रणमा लिएको हो ।

मोटरसाइकल अविनाश पुजारीको थियो, जसले काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-११, लसुनटारबाट हराएको भन्दै काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा खोजतलासका लागि निवेदन दिएका थिए । नियन्त्रणमा आएका दुवै जनालाई थप अनुसन्धानको लागि प्रहरीवृत्त बौद्ध पठाइएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# वैशाखयता चार हजार ६०० विपद्‌जन्य घटना




काठमाडौं/यो वर्षको कात्तिक १५ गतेसम्म देशभर चार हजार ५९७ वटा विपद्‌जन्य घटना भएका छन् । वैशाखयताका ती विपद्‌का घटनामा परेर शनिबार सम्म तीन सय ३५ जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार उक्त अवधिमा ४१ जना बेपत्ता भएका छन् भने एक हजार २६४ जना घाइते भएका छन् । बाढीका मात्रै तीन सय १६ घटना हुँदा ३७ जनाको मृत्यु र २७ जना बेपत्ता भएका छन् । त्यसैगरी, पहिरोका पाँच सय ५० घटना हुँदा ६७ जनाको मृत्यु र चार जना बेपत्ता तथा चट्याङका तीन सय ५६ घटना हुँदा ४४ जनाको मृत्यु, सर्पदंशका पाँच सय ३८ घटना हुँदा ९२ जनाको मृत्यु भएको छ ।

त्यसैगरी, जनावरको आक्रमणका दुई सय ६९ घटनामा २५ जनाको मृत्यु र एक बेपत्ता, लेक लागेका ८० घटनामा २७ जनाको मृत्यु भएको छ । भारी वर्षाका चार सय २० घटनामा सात, आगलागीका एक हजार ६१४ घटनामा २६ र हुरीबतासका दुई सय ८६ घटनामा आठ जनाको मृत्यु भएको प्रवक्ता महतले जानकारी दिए ।

हिउँ पहिरोमा परी नौ जना बेपत्ता भएको प्राधिकरणले जनाएको छ । शनिबार मात्रै विभिन्न विपद्‌जन्य घटनामा दुई जनाको मृत्यु भएको छ । विपद्‌जन्य ४६ घटना भएको र उक्त विपद्‌ले ३१ जिल्ला प्रभावित बनाएको प्राधिकरणले जानकारी दिएको छ ।

# पहिलो त्रैमासमा १ खर्ब २२ अर्ब भन्सार राजस्व संकलन

काठमाडौं/भन्सार विभागले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रैमास (साउन-असोज)सम्म १ खर्ब २२ अर्ब रुपैयाँ भन्सार राजस्व उठाएको छ । तर, कुनै पनि महिना लक्ष्य भने भेटिएन । विभागले असोजसम्म १ खर्ब ४३ अर्ब ७६ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो । यस अवधिमा संकलन लक्ष्यको ८४.९ प्रतिशत मात्र प्राप्त भएको छ ।

यस वर्ष सरकारले भन्सार विभागबाट ५ खर्ब ८८ अर्ब २५ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको छ । पहिलो तीन महिनामा १ खर्ब २२ अर्ब ७ करोड उठेको छ । जुन पूरा लक्ष्यको २०.८ प्रतिशत हो । मासिक तथ्यांक अनुसार कुनै पनि महिनामा लक्ष्य अनुसार राजस्व उठ्न सकेको छैन । विभागका अनुसार साउनमा ४५ अर्ब ७१ करोड राजस्व संकलनको लक्ष्य थियो । संकलन भने ३७ अर्ब ९ करोड भएको छ । भदौमा ४८ अर्ब ५० करोडको लक्ष्य राखिएकोमा ४१ अर्ब ६ करोड मात्र उठेको छ । असोजमा ४९ अर्ब ५५ करोडको लक्ष्य राखेकोमा ४३ अर्ब ९१ कारेड रुपैयाँ मात्र संकलन भएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना